जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ९८ • २०८० साल भाद्र ९ गते शनिबार (26 August, Saturday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# जनयुद्ध र मधेश आन्दोलनलाई बदनाम गर्ने कार्य हुँदैछ : प्रधानमन्त्री

**अनिल तिवारी**

वीरगञ्ज । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले पछिल्लो समय सामाजिक सञ्जालबाट जनयुद्ध र मधेश आन्दोलनलाई बदनाम गर्ने कार्य भइरहेको प्रति दुःख व्यक्त गरेका छन् ।

समाजवादी मोर्चाद्वारा वीरगञ्जमा शुक्रबार आयोजित सन्देशसभामा उनले भने-'यतिबेला जनयुद्ध र मधेश आन्दोलनमा होमिएका पुराना पार्टी र पुराना नेतालाई लक्षित गरी विभिन्न सामाजिक सञ्जालहरुबाट भ्रामक कुरा प्रचारप्रसार भइरहेको छ, खासगरी क्रान्तिकारी नेता र क्रान्तिकारी पार्टीका विरुद्ध ठूलो प्रपञ्च भइरहेको छ ।' यो बडो दुःखद कुरा हो र यसलाई हामीले गम्भीर रुपमा लिएका प्रधानमन्त्री दाहालको भनाइ छ ।




प्रतिगामी शक्तिका विरुद्ध र जनतालाई समाजवादको यात्राका डोर्‍याउन समाजवादी मोर्चा बनाएको उल्लेख गर्दै उनले पुराना एजेण्डा र पुरानो विचारले प्रतिगामी शक्तिसँग लड्न नसक्ने भएकाले नयाँ सोच, नयाँ विचार र नयाँ एजेण्डाका साथ अघि बढेको स्पष्ट पारे । 'सरकार सुशासन, समाजवाद र समृद्धिको यात्रामा अघि बढेको छ', प्रधानमन्त्री दाहालले भने-'सुशासन, समाजवाद र समृद्धिको यात्रामा सरकार अघि बढिसकेको छ, अब यसबाट सरकार पछि हट्दैन ।'

विभिन्न अवरोध, अड्चनका बाबजुद नक्कली भुटानी शरणार्थी घटनालाई छानबिन गरी निष्कर्षमा पुर्‍याइए जस्तै ललिता निवास काण्ड र सुन तस्करी काण्डलाई सरकारले निष्कर्षमा पुर्‍याउने उनले बताए ।

यसबाहेक सरकारले मधेशमा ठूलो समस्याको रुपमा देखिएको मिटरब्याजी पीडितहरुको समस्या ऐन बनाएर सम्बोधन गर्ने प्रयास गरिएको र वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने कामलाई अघि बढाएको प्रधानमन्त्री दाहालले चर्चा गरे । मधेशको विकासका लागि आफू चिन्तित रहेको बताउँदै उनले निजगढ विमानस्थल निर्माणका लागि बिहीबार नै मन्त्रिपरिषद्बाट निर्णय भइसकेकाले काम छिट्टै अघि बढ्ने दाबी गरे ।

मधेश प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरी राहत प्याकेज ल्याउने तयारी भइरहेका बेला ठूलो वर्षा र बाढी आएकाले त्यो तत्कालका लागि रोकिएको उल्लेख गर्दै उनले एक दुई दिनभित्रै उक्त निर्णय गरिने र मधेशका किसानले राहत पाउने विश्वास व्यक्त गरे । मधेशमा सिँचाइ गर्ने सुनकोशी-मरिन डाइभर्सनको कामलाई तीव्रता दिएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले निजगढ-काठमाण्डु फास्ट ट्र्याकको काम छिट्टै सम्पन्न हुने बताए ।

लामो समयदेखि रोकिएको सङ्घीय शिक्षा ऐन, सङ्घीय निजामती ऐन र प्रहरी समायोजन ऐन तत्काल संसद्बाट पारित गरिने प्रतिबद्धता व्यक्त गर्दै उनले तीनवटै ऐन पारित गराइ कार्यान्वयन गर्न सरकार दृढ रहेको बताए । संविधान निर्माणका क्रममा आफ्नो पार्टीले केही असहमति राखेर पास गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संविधानमा रहेको त्रुटि सच्याउन र संविधानलाई व्यवस्थित रुपमा संशोधन गर्न सरकार, सदन र सडक तीनवटै मोर्चाबाट पहल र प्रयास आवश्यक रहेको जिकिर गरे ।

पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले अझै संविधानको अपब्याख्या गर्ने र सङ्कटमा पार्ने काम भइरहेकाले संविधानको रक्षा गर्न चार दलीय समाजवादी मोर्चा बनाएको उल्लेख गरे । जनताको जीवनस्तरमा परिवर्तन ल्याउनु र मुलुकलाई समृद्ध बनाउनु मोर्चाको पहिलो कार्य नीति रहेको उल्लेख गर्दै मोर्चाका अध्यक्षसमेत रहेका अध्यक्ष नेपालले भने-'अब कुनै पनि व्यक्ति दुखित हुन नपरोस्, अपमानित महसुस गर्न नगरोस्, बेरोजगारी नहोस् भन्ने चाहनाका साथ मोर्चा बनाएका छौं ।' देशमै स्वरोजगारी सिर्जना गर्ने कामलाई तत्काल अघि बढाउनुपर्नेमा उनको जोड थियो ।

वर्तमान सरकारले चालेको भ्रष्टाचार विरोधी अभियानलाई मोर्चाको साथ रहने अध्यक्ष नेपालले उद्घोष गरे । वर्तमान गठबन्धनको सरकार पाँच वर्ष चल्ने दाबी गर्दै उनले सरकारलाई जनताको चाहना, इच्छाअनुसार सुशासन र समृद्धिको यात्रामा अघि बढ्न सुझाव दिए ।

कार्यक्रममा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशिताको संस्थागत गर्दै सफल कार्यान्वयनका लागि समाजवादी मोर्चा बनाएर अघि बढेको बताए । बलिदानीबाट प्राप्त उपलब्धि सङ्कटमा पर्न लागेकाले त्यसको रक्षाका लागि मोर्चा बनाउनुपरेको उल्लेख गर्दै उनले सङ्घीयता मजबुत बनाउनु र सुशासन कायम गर्नु मोर्चाको लक्ष्य भएको बताए । मुलुकमा गणतन्त्र स्थापना भएको १५ वर्ष पुग्दा पनि मधेशी लगायतका उत्पीडित वर्ग, समुदायले अझै अधिकार प्राप्त गर्न नसकेको गुनासो गर्दै उनले समावेशिताको नाममा केवल बाध्यात्मक कुरालाई मात्र कार्यान्वयन गरिँदै आएको दाबी गरे ।

मधेशको विकासविना मुलुकको विकास सम्भव नभएको जिकिर गर्दै अध्यक्ष यादवले मधेशमा सञ्चालित योजना समयमा सम्पन्न नहुने परिपाटीको अन्त्य हुनु जरुरी रहेको बताए ।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव) ले नेपाली विशेषतायुक्त समाजवाद स्थापना गर्ने मुख्य उद्देश्यका साथ मोर्चा बनाएको बताउँदै दलाल पूँजीवादले मुलुकलाई निकास दिन नसक्ने भएकाले त्यसका विरुद्ध समाजवादी मोर्चा निर्माण गरेर अघि बढेको दाबी गरे ।

नेपालको मौलिकता र संस्कृतिमाथि भूमण्डलीकृत साम्राज्यवादी शक्तिहरुबाट हमला भइरहेको जिकिर गर्दै उनले मुलुकलाई सङ्कटबाट मुक्ति दिलाउन र जनताको चाहना, इच्छा पूरा गर्न आफूहरुले मोर्चा बनाएको चर्चा गरे ।

कार्यक्रममा जसपाका नेता तथा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले सङ्घीयताको कार्यान्वयन भए पनि प्रदेश सरकारले अझै संविधान प्रदत्त अधिकार पाउन नसकेको गुनासो गर्दै तत्काल प्रदेश सरकारलाई संविधानले दिएको अधिकार हस्तान्तरण गर्नुपर्ने बताए ।

## मधेश प्रदेशस्तरीय मोर्चा घोषणा

**टुडे समाचारदाता**

वीरगञ्ज । समाजवादी मोर्चाले शुक्रबार मधेश प्रदेशस्तरीय समाजवादी मोर्चाको घोषणा गरेको छ । मोर्चाद्वारा वीरगञ्जमा शुक्रबार आयोजित सन्देशसभामा मोर्चामा आबद्ध चारवटै दलबाट तीन/तीन जना रहने गरी १२ सदस्यीय मधेश प्रदेशस्तरीय मोर्चाको घोषणा गरिएको छ ।

मोर्चामा माओवादी केन्द्रबाट लिलामणि पोखरेल, अशोक जयसवाल र रामकुमार शर्मा, एकीकृत समाजवादीबाट धर्मनाथ साह, रामचन्द्र झा र सुधिर साह, जनता समाजवादी पार्टीबाट लालबाबु राउत, शैलेन्द्रप्रसाद साह र हरिनारायण यादव र नेकपाबाट सुदर्सन सिंह, विनोद सिंह र रामकुमारी सिंहलाई राखिएको छ ।

प्रदेशस्तरीय मोर्चाको संयोजक छ/छ महिनामा फेरिने र पहिलो कार्यकालका लागि प्रदेश संयोजकको जिम्मा जसपालाई दिइएको माओवादी केन्द्रका नेता प्रह्लाद बुढाथोकीले जानकारी दिए ।

# खजुरीमा रेल सङ्ग्रहालय बनाइने

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा पहिलोपटक रेल आएको स्थान धनुषाको जनकनन्दनी गाउँपालिकाका खजुरीमा रेल सङ्ग्रहालय बनाइने भएको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले खजुरीमा अहिले पनि ब्रिटिस सरकारले छोडेका १० वटा रेल इञ्जिन रहेकाले त्यस क्षेत्रमा सङ्ग्रहालय बनाउन लागिएको जानकारी दिए ।

मन्त्री ज्वालाले यसै वर्ष काम सक्ने गरी योजना अगाडि बढाइएको बताउँदै उनले भने-' दश कट्ठा क्षेत्रफलभित्र सङ्ग्रहालय बन्दैछ । तत्कालीन समयमा ल्याइएका रेल राखेर सङ्ग्रहालय बनाइनेछ ।' मान्त्रलयले रेल्वेको जमिनको चारैतिर पर्खाल निर्माण गर्न र अन्य सम्पत्तिको संरक्षण तथा थप अध्ययनका लागि एक प्राविधिक टोली पठाउने लागेको जनाएको छ ।

केही साताअघि मन्त्री ज्वालाले सङ्ग्रहालय बनाउने क्षेत्रको स्थलगत भ्रमण पनि गरेका थिए । भ्रमणलगतै उनले रेल विभाग र रेल्वे कम्पनीसँग गरेको छलफलपछि सङ्ग्रहालय बनाउने निर्णय भएको कम्पनीका महाप्रबन्धक निरन्जन झाले जानकारी दिए ।

विसं १९९४ मा तत्कालीन ब्रिटिस इन्डिया कम्पनीले पहिलोपटक जयनगरदेखि बिजुलापुरासम्म कार्गो रेल सञ्चालन गरेको थियो । ब्रिटिस इन्डिया कम्पनीले ग्यारेज बनाउन र नेपालको काठ लैजान पहिलोपटक बिजुलापुरामा रेल ल्याएको थियो । फर्किदा स्टिम इन्जिन र डिजेल इन्जिनका १० रेल छोडेको थियो । ती इन्जिनलाई पछि गोरखनाथ, पशुपति, महावीर, चन्द्र, गुहेश्वरी नामकरण गरिएको थियो ।

## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं ।**

### लक्षणहरु

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



### रोकथामका उपायहरु

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं ।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**

**सखुवानन्कारकट्टी गाउँपालिका**
**सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश, नेपाल**

'जनमन सँ जनजन धरि'



रेडियो टुडे
९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ
मनोरञ्जन लऽक
निरन्तर १८ घण्टा
अहाँक सँग




सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७

भिनसर ५ बजे सँ राति ११ बजे धरि

# होटलमा अर्बौं लगानी तर निराश छन् व्यवसायी

जनपुरधाम । हिन्दू धर्मावलम्बीहरूका लागि पवित्र तीर्थस्थलका रूपमा रहेको धनुषाको जनकपुरधाम पछिल्लो समय ‘ होटल हब’का रूपमा विकास हुँदैछ। धार्मिक पर्यटकहरूलाई लक्षित गरी धर्मशालाबाट होटलमा प्रवेश गरेको जनकपुरमा पछिल्लो समय ठूलो लगानीका व्यावसायिक होटल पनि खुल्न थालेका छन् ।

यहाँ सानो तथा ठूलो लगानीका करिब दुई सय होटल सञ्चालनमा छन् । ती सबै होटलमा हालसम्म करिब रु १० अर्ब लगानी भइसकेको र करिब पाँच हजारलाई प्रत्यक्ष रोजागारी दिइएको व्यवसायीहरूको दाबी छ ।

घरेलु तथा साना उद्योग कार्यालय धनुषाको १० वर्षको तथ्याङ्क हेर्दा पनि यहाँ होटलको सङ्ख्यामा ठूलो लगानी भइरहेको देखिन्छ । जनकपुर उद्योग वाणिज्य सङ्घ र होटल व्यवसायी सङ्घ जनकपुरको विवरणले पनि यहाँ वर्षेनी होटलहरू थपिने क्रम जारी रहेको देखाउँछ। तर आर्थिक क्रियाकलाप र बजारको दायरा नबढेकाले व्यवसायीहरू भने उत्साहित छैनन् । जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठ आर्थिक तथा धार्मिक पर्यटकीय गतिविधि बढ्ने आशैआशमा होटलमा लगानी बढिरहे पनि पछिल्लो समय धेरै व्यवसायी निराश रहेको बताउनुहुन्छ ।

सङ्घका वरिष्ठ उपाध्यक्ष मनिषरमण साह भने राज्यले अत्यावश्यक पूर्वाधार निर्माण र अनुकूल वातावरण बनाइदिने हो भने जनकपुरको होटल व्यवसायले नेपालकै अर्थतन्त्रको विकासमा गुणात्मक योगदान गर्नसक्नेमा आशावादी देखिनुहुन्छ । होटल व्यवसायी सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारी पनि जनकपुरका होटलहरूले लगानीअनुसार प्रतिफल पाउन नसकेको गुनासो गर्नुहुन्छ ।

धर्मशालाबाट उठेको व्यवसाय

जनकपुर हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्रका रूपमा परिचित छ । मिथिलाञ्चलका चक्रवर्ती राजा जनकपुत्री सीता र रामको वैवाहिक सम्बन्धसँग जोडिएकाले पनि विश्वका करोडौं हिन्दू धर्मावलम्बीले यसलाई पवित्र तीर्थस्थलका रूपमा लिँदै आएका छन् । त्यसैकारण भारत र नेपालका विभिन्न भूभागबाट जनकपुर दर्शनमा आउनेक्रम परापूर्वकालदेखि नै चलिरहेको छ ।

होटल व्यवसायी विजय झुनझुनवाला तिनै तीर्थालुलाई लक्षित गरी जनकपुरधाममा होटल व्यवसायको विकास भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “जनकपुरधामको मूल चिनारी नै धार्मिक तीर्थस्थल हो । यो भूमि विश्वका अर्बौं मानिसहरूको आस्थाको केन्द्र हो। तिनै तीर्थाटनमा आउने श्रद्धालुलाई लक्षित गरी यहाँ होटल व्यवसायको विकास भएको इतिहास छ ।”

उहाँका अनुसार जनकपुरमा धर्मशालाबाट होटलको विकास सुरु भएको र त्यसको श्रेय गोपाल धर्मशालालाई जान्छ । भारतबाट जानकी मन्दिर दर्शन गर्न आउने श्रद्धालु भक्तजनलाई लक्षित गरी २००९/१० सालतिर गोपाल धर्मशालाले न्यूनतम शुल्क लिएर आवास तथा खानाको व्यवस्था गरेबाट यस क्षेत्रको विकास सुरु भएको झुनझुनवालाको भनाइ छ । “जनकपुरमा धर्मशालाबाट होटलको इतिहास सुरु भएको हो । भारतको कोलकात्ताबाट आएका मारवाडी पोदार परिवारले धार्मिक पर्यटकको सुविधाका लागि खाने, बस्ने व्यवस्था गरेको र पछि अरु धर्मशालासमेत स्थापना गरिएको पाइन्छ । यो नै जनकपुरमा होटलको जग हो”, उहाँले सुनाउनुभयो ।

मेचीदेखि काठमाण्डुसम्म सडक, पूर्वपश्चिम महेन्द्र राजमार्ग निर्माण र २०२४ सालदेखि हवाई सेवा सुरुभएपछि मात्रै यहाँ व्यावसायिक होटलको स्थापना भएको हो । जनकपुरमा २०२४ सालतिर पहिलो होटलका रूपमा ‘होटल एभरेष्ट’ को स्थापना भएको इतिहास छ । अहिले जनकपुरधाममा साठीभन्दा बढी ठूला होटलहरू सञ्चालनमा छन् । तीमध्ये केही होटलहरू ‘तीनतारे’ स्तरका छन् । यहाँ होटलहरूको कूल क्षमता करिब एक हजार मानिसलाई बसाउन सक्ने छ ।

> आर्थिक क्रियाकलाप बढ्न नसकेका पनि सरकारको नीतिका कारण चर्को कर र ब्याज लिने तर पर्यटकको सहुलियतका लागि भन्सारमा पर्यटनमैत्री संरचना, पर्यटन सूचना केन्द्र, अध्यागमन कार्यालय, पर्यटन गन्तव्यको पहिचान, पूर्वाधार निर्माण तथा प्रचारप्रसारलगायतका काम गर्न नसकेकाले जनकपुरधाममा होटलको सङ्ख्या बढे पनि भविष्य सङ्कटग्रस्त रहेको जानकारहरू बताउँछन् ।

होटल सञ्चालकसमेत रहेका झुनझुनवाला अर्थतन्त्रमा सुधार, आर्थिक क्रियाकलापमा वृद्धि हुँदै गएमा आगामी पाँच वर्षमा ठूलो लगानीका धेरै होटलहरू खुल्ने बताउनुहुन्छ । होटल व्यवसायी जीवनाथ चौधरी पनि जनकपुरका होटलहरू आधारभूत रूपमा धार्मिक पर्यटक लक्षित भए पनि समयक्रममा व्यावसायिक हिसावले पनि सञ्चालन भइरहेको बताउनुहुन्छ । “हाम्रो मूल आधार धार्मिक पर्यटन नै हो तर पछिल्लो समय प्रदेश राजधानी पनि बनेपछि लगानी, सेवा र कार्यशैली नै फेर्नुपर्ने अवस्था छ”, चौधरीले भन्नुभयो ।

अर्का होटल व्यवसायी सन्तोष गिरी धार्मिक कार्यका लागि आउने पर्यटकहरूलाई लक्षित गरी व्यवसायको स्थापना भए पनि दिगो व्यवस्थान, लगानी र बदलिँदो सामाजिक मनोवृत्तिअनुरुप रुपान्तरणको जरुरी रहेको धारणा राख्नुहुन्छ । कुनै पनि होटल तथा व्यवसाय धार्मिक मान्छेहरूको क्रियाकलापले मात्रै चल्न नसक्ने भन्दै गिरीले अहिलेकै अवस्था रहे जनकपुरमा होटलको भविष्य चुनौतीपूर्ण रहेको बताउनुभयो ।

**‘उत्साहित छैनन् व्यापारी’**

जनकपुरलाई मधेश प्रदेशको राजधानी बनाइएपछि पछिल्लो समय सम्भावनाको क्षेत्र थप विस्तार भएको छ । त्यसैगरी सडक, हवाई र रेल सेवाले जोड्ने नेपालको एकमात्र सहर भएकाले यहाँ आवागमन बढ्ने क्रममा छ तर आर्थिक गतिविधि बढ्न नसकेकामा भने व्यापारीहरू निरास छन् । “जनकपुर भ्रमणमा आउने भारतीय तथा अन्य मुलुकका पर्यटक, स्वदेशी नागरिक, सरकारी तथा गैरसरकारी संघ संस्थाका क्रियाकलाप, सभा, सम्मेलन भएमा होटलको व्यवसाय बढ्ने हो”, गिरी भन्नुहुन्छ,“तर देशको अर्थतन्त्रका समग्र सूचक, जनताको खर्च गर्ने क्षमता र प्रवृत्ति नबदलिएसम्म यस क्षेत्रको भविष्य पनि आशालाग्दो हुने कुरा भएन ।”

व्यवसायी झुनझुनवाला र चौधरी पनि सरकारी तवरबाट पर्यटन पूर्वाधार, पर्यटक आवागमनका लागि ठूला अभियान, मधेशको धार्मिक पर्यटनको विकास, विस्तार र प्रचारका लागि काम नभएमा अवस्था आशाजनक नरहेकामा सहमत हुनुहुन्छ ।

होटल व्यवसायी सङ्घका अध्यक्ष भण्डारी त सङ्ख्यात्मक रूपमा धेरै होटल देखिए पनि धेरैजसो व्यवसायी पलायन हुने अवस्थामा रहेको बताउनुहुन्छ । “झट्ट हेर्दा होटलहरू खुलेकै छन् तर वास्तविकता भने कारुणिक छ । केही होटलको व्यापार ठीकठीकै रहे पनि अधिकांशले लगानी उठाउन र कर्मचारी पाल्न नसक्ने अवस्था छ”, भण्डारीले भन्नुभयो,“सरकारबाट सहुलियत नहुने र आर्थिक गतिविधि नबढ्ने हो भने निकट भविष्यमा धेरै होटल बन्द हुन्छन् ।”

महासङ्घका अध्यक्ष महासेठले पनि अरु व्यवसायको तुलनामा होटल क्षेत्र अहिले पनि चलायमान नै भएकाले धेरै निराश हुनुपर्ने अवस्था नरहेको तर आर्थिक क्रियाकलाप नबढेमा होटलको संख्या मात्रै बढेर नहुने बताउनुभयो । “जनकपुर धार्मिक सहर र प्रदेशको राजधानी हो तर यहाँ न उद्योग, कलकारखाना छन् न त नजिकै तेस्रो मुलुकसँग जोड्ने ठूलो नाका छ । यसर्थमा सबै सरोकारवालाहरूले योजनावद्ध रूपमा केही रणनीतिक महत्वका काम नगर्ने हो भने सोचेअनुरुपको परिणाम हासिल गर्न कठिन छ”, महासेठले भन्नुभयो ।

महासङ्घका वरिष्ठ उपाध्यक्ष साह भने धार्मिक आस्थाको केन्द्र अयोध्यामा राम मन्दिर निर्माण भएपछि त्यसको प्रभाव जनकपुरमा पनि पर्ने र त्यसपछि केही सुधार हुने सम्भावना रहेकोमा विश्वस्त हुनुहुन्छ । तर त्यसबाट लाभ लिन सरकारले अहिलेदेखि नै रणनीतिक तयारी गर्न जरुरी रहेको उहाँको भनाइ छ । हिन्दू धर्मको कुरा गर्दा जसरी राम र सीतालाई अलग गर्न सकिँदैन, त्यसैले ‘नेपालविना राम पनि अधुरा’ र ‘सीता माताविना अयोध्या अधुरो’ भन्ने भाष्य स्थापित गर्न अहिलेदेखि नै लाग्न सके मात्र जनकपुरमा आर्थिक मन्दीको स्थितिमा सुधार हुने देख्नुहुन्छ मधेश प्रदेशसभा सदस्य रामसरोज यादव ।

अहिलेको अवस्थामा जनकपुर भ्रमणमा आउने पर्यटकहरू एकदिन पनि बस्ने अवस्था नरहेकाले कम्तिमा दुई वा दुईभन्दा बढी दिन यही बस्ने अवस्था बनाउन पर्यटकीय गन्तव्य छनोट गरी पर्यटन ‘टुर प्याकेज’ बनाउन अपरिहार्य रहेको उहाँको भनाइ छ । “अहिले बिहान आएर बेलुका फर्किनुपर्ने बाध्यता छ । किनकी जानकी मन्दिर र जनकपुर मात्रै हेर्न त दुई घण्टा भन्दा बढी समय लाग्दैन”, यादवले भन्नुभयो,“पर्यटकलाई यहाँका अरु ठाउँमा पनि घुमाएर ‘इगेज’ गराउने र खर्च गर्ने ठाउँ एवं क्षेत्र विस्तार गर्नसके मात्रै हामीले लाभ लिनसक्छौं । त्यसतर्फ प्रदेश र स्थानीय सरकारले अझ बढी ध्यान दिनुपर्छ ।”

प्रदेशसभा सदस्य रामअशिष यादवले मिथिलाञ्चलको मौलिक सभ्यातासँग आगन्तुकहरूलाई साक्षात्कार गराउने नयाँ रणनीति अख्तियार गर्नसकेमा होटल मात्रै होइन यहाँको समग्र क्रियाकलाप नै समस्यामा पर्ने बताउनुभयो । उहाँ भन्नुहुन्छ,“छिमेकी भारत र अरु मुलुकबाट आउने पर्यटकलाई यहाँका ऐतिहासिक सभ्यता, संस्कार, मौलिक रहनसहन, लोकजीवन, खानपिनको अध्ययन र अवलोकन गर्न मिल्ने गरी हामीले एउटा प्याकेज बनाउन सक्नुपर्छ । त्यसले उहाँहरूलाई केही दिन बस्न अभिप्रेरित गर्ला र यहाँको आर्थिक क्रियाकलापमा योगदान पुग्ला ।”

आर्थिक क्रियाकलाप बढ्न नसकेका पनि सरकारको नीतिका कारण चर्को कर र ब्याज लिने तर पर्यटकको सहुलियतका लागि भन्सारमा पर्यटनमैत्री संरचना, पर्यटन सूचना केन्द्र, अध्यागमन कार्यालय, पर्यटन गन्तव्यको पहिचान, पूर्वाधार निर्माण तथा प्रचारप्रसारलगायतका काम गर्न नसकेकाले जनकपुरधाममा होटलको सङ्ख्या बढे पनि भविष्य सङ्कटग्रस्त रहेको जानकारहरू बताउँछन् । रासस

# कोशी ब्यारेजका सबै ढोका खोलिए



**टुडे समाचारदाता**

राजविराज । सप्तकोशी नदीको ब्यारेजका सबै ढोका खोलिएको छ। कोशी ब्यारेज कन्ट्रोल रूमका एक कर्मचारीका अनुसार ५६ वटै ढोका खोलिएको हो।

‘सात बजेको अपडेट अनुसार पानीको सतह बढेसँगै ५६ वटै ढोका खोलिएको हो’, ती कर्मचारीले भने,‘ कोशी पूर्वी-पश्चिम नहर भने बन्द गरिएको छ।’ साढे ९ लाख क्यूसेक पानी बहने क्षमता रहेको ब्यारेजमा अहिले तीन लाख ८० हजार ८१५ क्यूसेक पानी बगिरहेको बताइएको छ। एक दशकअघि ब्यारेजदेखि माथि सिरान पश्चिम कुशहामा बाँध फुटेको थियो। बाँध फुट्दा नेपाल र भारतमा थुप्रै जनधनको क्षति भएकाले अहिले कोशी ब्यारेज र बाँधलाई सुरक्षित राख्न प्राविधिकहरूले विशेष सतर्कता अपनाएका छन्। पुलको बिम छुन लाग्ने अवस्थामा पुलको ढोका खोल्ने गरेको बताइएको छ।

# ‘आइफोन’ उपहारको आश गर्दा ...

काठमाण्डु । ‘आइफोन’ उपहार पाउने झुटा आश्वासनको लोभमा फस्दा महिलाहरू झन्डै आधा करोड रकम ठगीमा परेका छन् ।

नेपाल प्रहरीको साइबर ब्यूरोका अनुसार सुरुमा गिरोहले सामाजिक सञ्जाल टिकटक, फेसबुक, वाट्सएपलगायतमार्फत पीडितसँग सम्पर्क गरी विश्वास दिलाएर आइफोन उपहार परेको र त्यसका लागि ‘कष्टम क्लियरेन्स’ गर्न पैसा चाहिने भनेर रकम माग गरे ।

उक्त जानकारीपछि आइफोन पाउने लोभमा महिलाले धमाधम उसले भनेको बैंक खातामा पैसा पठाए । झन्डै आधा करोड रकम जम्मा गरेपछि ती व्यक्ति सम्पर्कविहीन भए । त्यसपछि ठगिएको चाल पाएका पीडितहरूले साइबर ब्यूरोमा दिएको जाहेरीका आधारमा खोजतलास र अनुसन्धान गर्दा पीडितबाट झन्डै आधा करोड रकम ठगी भएको फेला परेको ब्यूरोका प्रहरी उपनिर्देशक प्रहरी उपरीक्षक पशुपतिकुमार रायले बताउनुभयो ।

“तपाईँ लक्की हुनुभएको छ, तपाईँले लक्की ड्रमार्फत आइफोन जित्नुभएको छ, हामी आइफोन पठाउँदैछौं, कष्टम क्लियरेन्सका लागि हामीलाई पैसा पठाउनुपर्छ”, भनेर पीडित महिलालाई विभिन्न बैंक खातामा रकम जम्मा गर्न लगाई ठगी गरेको ब्यूरोमा जाहेरी परेको रायले बताउनुभयो ।

प्राप्त निवेदनमाथि प्राविधिक अनुसन्धान र विश्लेषण गर्दा यसरी ठगीमा रौतहटको कटहरिया बस्ने ३० वर्षका उमेशकुमार यादव र पर्साका राजकुमार पण्डित संलग्न रहेको पत्ता लागेपछि ललितपुर कुपण्डोलबाट पक्राउ गरी उनीहरूबाट रु ४९ लाख ९५ हजार नगद तथा सञ्चार उपकरणसमेत बरामद गरिएको छ । उनीहरूको साथबाट रु ४९ लाख ९५ हजार, सात थान मोबाइल, एक सय ८३ थान सिमकार्ड र १२ थान एटिएम कार्डसमेत बरामद गरिएको छ । उनीहरूमाथि विद्युतीय माध्यमबाट ठगी कसुरमा काठमाडौँ जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**रोजगारीको नाममा ठगी**

यसैबीच वैदेशिक रोजगारीको नाममा इटाली पठाइदिने बहानामा पीडितबाट रु चार लाखभन्दा बढी लिई फरार रहेका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

इटाली पठाइदिने र त्यसका लागि रु आठ लाख लाग्छ भने पैसा ठगी गर्ने कालिकोट घर भई काठमाडौँको कीर्तिपुर बस्ने विष्णुरिषी पाण्डेलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । रासस

# मुद्रासहित विदेशी नागरिक पक्राउ

काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैधरूपमा लुकाइछिपाइ बाह्य मुलुकतर्फ लैजान लागेको मुद्रासहित एक जना फिलिपिन्सका नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा फिलिपिन्सका नागरिक ३२ वर्षीय आर्सिनो जेआर मेसा रहेका केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिनुभयो । उहाँका अनुसार निजको साथबाट प्रहरीले एक सय दरको ३१ थान, २० दरको पाँच थान गरी जम्मा तीन हजार दुई सय अमेरिकी डलर र एक हजार दरको तीन सय थान, पाँच सय दरको एक हजार एक सय थान गरी रु आठ लाख ५० हजार नेपालीसहित बिहीबार पक्राउ गरिएको हो ।

फ्लाई दुबईको उडानद्वारा काठमाडौँबाट दुबई जान लागेका उनलाई विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियामा प्रहरीले जाँच गर्ने क्रममा उक्त मुद्रासहित फेला पारी पक्राउ गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

निजलाई आवश्यक अनुसन्धान एवं कानुनी कारबाहीका लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कडायतले बताउनुभयो । रासस

# अर्थमन्त्री डा महत जिइएफको उपाध्यक्षमा निर्वाचित

काठमाण्डु । ग्लोबल इनभ्यारोमेन्ट फ्यासिलिटी (जिइएफ)को सातौँ विश्व सम्मेलनको प्लेनरी सेसनले नेपालका अर्थमन्त्री डा प्रकाशशरण महतलाई उपाध्यक्ष पदमा निर्वाचित गरेको छ ।

शुक्रबार एसेम्वलीको जारी बैठकमा गणतन्त्र पानामाको प्रस्ताव तथा नेदरल्याडको समर्थनमा मन्त्री महत उपाध्यक्षमा निर्वाचित हुनुभएको उहाँको सचिवालयले जनाएको छ । यस अगाडि उहाँले विश्ववातावरण कोषको एसेम्वली बैठकलाई सम्बोधन गर्दै नेपालले कूल क्षेत्रफलको ४५ प्रतिशत वन संरक्षण गरी समग्र मानव समुदायका लागि स्वच्छ अक्सिजन प्रवाह भइरहेको बताउनुभयो । मन्त्री डा महतले दक्षिण एसियाका एक अर्बभन्दा बढी जनसङ्ख्याका लागि पानीको श्रोत नेपाल रहेको बिषय विश्व समुदायको ध्यानाकर्षण गराउनुभयो ।

यसैगरी नेपालले जैविक विविधताको संरक्षणमा इमान्दार प्रयत्न गरिरहेको साथै दुर्लभ तथा सङ्कटापन्न जङ्गली जनावर तथा प्रजातिको संरक्षण गरेको र सोको नतिजास्वरुप बाघ तथा गैँडाको सङ्ख्यामा उल्लेख्यरूपमा वृद्धि भएको उहाँले बताउनुभयो । यस्ता वन तथा वन्यजन्य सम्पदा नेपालका लागि मात्र नभई विश्वमानव समुदायकै सम्पदाका रूपमा रहेको उल्लेख गर्दै मन्त्री डा महतले यस्ता प्रयास हुँदा हुँदै पनि नेपाल जलवायु परिवर्तनका दृष्टिकोणले उच्च जोखिममा परेको, नेपाल विश्वको १०औं जोखिमयुक्त मुलुक भएको र पछिल्ला दिनमा बाढी, पहिरो अतिवृष्टि र सुख्खाका साथै हिमताल बिस्फोटको जोखिमसमेत बढेको छ भन्नुभयो ।

उहाँले नेपालको तापक्रम सन् २०३० सम्ममा सुन्ना दशमलव पाँचदेखि दुई डिग्री सेल्सियसले बढ्ने अनुमान रहेको र यसबाट हुने असर र प्रभावसँग सामना गर्न सन् २०५० सम्ममा ५० अर्ब अमेरिकी डलरभन्दा बढी लगानी आवश्यक रहेकोतर्फ सहभागी मुलुकको ध्यानाकर्षण गराउनुभयो ।

अर्थमन्त्री डा महतले जलवायु वित्तबाट सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै यसै एसेम्वलीबाट अनुमोदित विश्व जैविक विविधताको खाका तथा कोषलगायतको स्रोत अति प्रभावित मुलुकमा केन्द्रित गर्न अनुरोध गर्नुभयो । उहाँले जबसम्म एकीकृत र समुच्चरूपमा कार्यान्वयन गरिँदैन तबसम्म कोषको आकार मात्र बढाएर खासै प्रभावकारी नहुने धारणा व्यक्त गर्नुभयो ।

जलवायु परिवर्तनको जोखिम उच्च भएका देशकोसमेत प्रतिनिधित्व गर्दै लगानी आयोजनाको गुणस्तर बढाउन स्थानीय जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनेगरी कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

मन्त्री डा महतले मानव विकासका क्षेत्रमा महत्वपूर्ण लगानी नगर्दासम्म वातावरणीय दिगोपना हासिल हुन नसक्ने बताउनुभयो । उहाँले वातावरणीय कोषका कार्यक्रमहरू राष्ट्रिय प्रणालीमार्फत कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै आयोजनामा ठोस तथा पहिचानयुक्त क्रियाकलाप समावेश गर्न र आयोजनाका मुख्य क्रियाकलापमा लगानी केन्द्रित गर्न जोड दिनुभयो । यसैगरी मन्त्री महतले जलवायु परिवर्तनको बहुआयामिक असरलाई सम्बोधन गर्न उच्चस्तरको सहकार्य र सबैको योगदान आवश्यक रहेको धारणा राख्नुभयो । रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : अवसर प्राप्त । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# वडा कार्यालयमा तालाबन्दी

टुडे समाचारदाता

रौतहट । रौतहटको माधवनारायण नगरपालिका-९ गढोको वडा कार्यालयमा स्थानीयहरुले तालाबन्दी गरेका छन् । वडा सचिव प्रमोद यादव



विगत केही दिनदेखि वडा कार्यालयमा नआएको भन्दै स्थानीयहरुले आन्दोलित भएका छन् । वडा सचिव यादव दुई सातादेखि वडा कार्यालयमा आउँनै छाडेकाले आफूहरुको कामकाज प्रभावित भएको भन्दै आक्रोशित स्थानीयहरुले वडा कार्यालयमा तालाबन्दी गर्दै आन्दोलनमा उत्रेका छन् । वडा सचिव यादवले आफनो ठाउँमा कसैलाई पनि कार्यवाहक वडा सचिवको जिम्मेवारी नै नदिइ गैरजिम्मेवारीपूर्ण तरिकाले वडा कार्यालयबाट एकाएक गायव हुँदा आफूहरुको कामकाज प्रभावित भएकाले वडा सचिव यादवविरुद्ध आन्दोलनमा उत्रेको स्थानीय सुनिल सहनीले बताए ।

स्थानीयहरु बिहीवारदेखि आन्दोलनरत्त छन । वडा अध्यक्ष यादव कार्यालयमा नआएसम्म आफूहरुको आन्दोलन जारी नै रहने सहनीले बताए ।

# बलानमा कटान

टुडे समाचारदाता

सप्तरी । बिहीबार मध्य रातदेखि सुरु भएको वर्षा शुक्रबार पनि जारी रहँदा जिल्लाको विभिन्न पालिका डुवान र कटानको चपेटामा परेका छन् ।



अविरल वर्षाका कारण बलान नदीमा आएको बाढीले बलान बिहुल गाउँपालिका ४ बेल्ही स्थित दुई ठाउँको बाँध कटान र ग्राभेल सडक क्षतिग्रस्त बनाएको छ । बाँध कटानले गर्दा बाढीको पानी बस्तीमा पसेर सयौं परिवार प्रभावित बनेको गाउँपालिकाका अध्यक्ष खेमचन्द यादवले जानकारी दिएका छन ।

उनका अनुसार निरन्तरको वर्षाले बलान नदीको बाढी बस्तीमा पस्दा वडा नं. ४ का साथै वडा नं. १ र २ का समेत गरी झण्डै ३ सय परिवार उच्च जोखिममा परेका छन् । बलान नदीमा आएको बाढीले वडा नं. २ दिघियास्थित बाँधमा निरन्तर क्षति पुऱ्याइरहेकाले कुनै बेला पनि उक्त बाँध भत्किने सम्भावना रहेको अध्यक्ष यादवले बताए ।

बाँध कटान गरेको खबर आए लगत्तै सो क्षेत्रमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी नरेशकुमार सिंहले जानकारी दिए । उनले बलान नदीमा बढ्दो जलस्तरले बाँधहरु होचो देखिएको र केही स्थानमा ओभरफ्लोको खतरा देखिएको भन्दै कटान रोक्न उपलब्ध साधन श्रोतसहित सुरक्षाकर्मीले काम गरिरहेको बताए ।

यस क्षेत्रमा वर्षेनि कटान हुँदै आएको स्थानीय रामलाल यादवले बताए । "पुरानो बाँध कटान गरेकाले डर लागेको छ, कतिखेर घर नै बगाएर लग्छन् ठेगान छैन्, उनले भने-यसको दिर्घकालिन उपाय खोज्नु जरुरी छ ।"यता अबिरल वर्षाले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको विभिन्न वडामा बाढीको पानी पसेको विपद् ब्यवस्थापन अधिकृत राजेश झाले बताए । खाँडो खोला र जिता नदीको बाढीका कारण वडा नं. १, २, ४ र ५ स्थित बस्तीमा २ फिटसम्म पानी पसेको उनले जानकारी दिए । निरन्तरको वर्षाले सदरमुकाम राजविराजको पनि विभिन्न वडामा २ फिटसम्म पानी जमेको छ । ढल निकासको उचित प्रबन्ध र नियमित नाला सरसफाइ नगरिदा वर्षातको पानी नगरको विभिन्न वडामा जम्मा भएको र सर्वसाधारणलाई आवागमनमा कठिनाइ भइरहेको छ ।

यता सप्तकोशी नदीमा पानीको वहाव उच्च भएपछि सप्तरी र सुनसरीको सीमामा पर्ने कोशी ब्यारेजको ३३ वटा ढोका खोलिएको छ । शुक्रबार बिहान सप्तकोशी नदीमा पानीको बहाव २ लाख ४७ हजार ७ सय ९० क्युसेक पुगेपछि सम्भावित जोखिमलाई ध्यानमा राखी ३३ वटा ढोका खोलिएको कोशी ब्यारेज कन्ट्रोल रुमले जनाएको छ ।

# ईटा व्यवसायीको अध्यक्षमा पुनः यादव

संजय कुमार यादव

जनकपुरधाम । जनकपुर अञ्चल ईटा उद्योग व्यवसायी संघको अध्यक्षमा बिनय कुमार यादव चयन भएका छन । उनी नगराइन नगरपालिकाका मेयरसमेत रहेका छन । संघको शुक्रवार सम्पन्न २१ औं अधिवेशनले यादवको नेतृत्वमा पुनः नयाँ कार्यसमिति चयन गरेको छ ।



संघको १९ सदस्यीय कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा लियाकत हुसेन, उपाध्यक्षद्वयमा नवल किशोर साह र अरुण कुमार यादव, महासचिवमा लालबहादुर साह, सचिवमा मनोज कुमार मण्डल, सह-सचिवमा राकेश नायक, कोषाध्यक्षमा विजय कुमार साह र सह कोषाध्यक्षमा शंकर यादव चयन भएको निर्वाचन अधिकृत दीपेन्द्र साहले जानकारी दिए । यस अघि उदघाटन कार्यक्रममा संघका केन्द्रीय अध्यक्ष महेन्द्रबहादुर चित्रकारले सरकारको गलत नीतिका कारण ईटा व्यवसाय धरापमा परेको र डूब्न लागेको बताए । अध्यक्ष चित्रकारले ईटा उद्योग व्यवसायलाई उद्योग कम्पनी अन्तर्गत राख्न पटक पटक माग गर्दै आए पनि सरकारले त्यसो नगरेका कारण व्यवसाय फस्टाउन नसकेको बताए ।

उनले भुइँचालो र त्यसपछि कोरोनाको चपेटाबाट ईटा उद्योग व्यवसायमा गम्भीर असर परेकाले ईटा व्यवसायीलाई बचाउन सरकारले नयाँ नीति ल्याउन दबाव दिदै आएको जानकारी दिए । देशमा परेको आर्थिक संकटको असर ईटा व्यवसायमा प्रत्यक्ष परेको पनि उनले उल्लेख गरे ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाकामेयरमनोज साहले पनि ईटा व्यवसायीलाई बचाउने नीति ल्याउनु पर्ने सुझाव दिएका थिए । उद्योग व्यवसायीको विकास हुनाले राजश्व पनि वढ्ने कुरा समेत बुझेर सरकारले नयाँ नीति ल्याउनुपर्ने उनले बताए ।

अध्यक्षमा चयन भएपछि यादवले आफू विश्राम लिन चाहे पनि साथीहरुले नमानेपछि अध्यक्ष पद स्वीकार गरेको बताए । उनले आफू ईटा व्यवसायी भएकै कारण आज मेयर बन्न सफल भएको जिकिर गरे । वातावरणका लागि अनुकूल नभएपनि पहाडबाट ढुङ्गा उत्खनन गरी नालाको काम गरिन्छ, कमिसन धेरै नहुने भएकाले ईटा प्रयोग गरिदैन उनले भने, 'सबै मिलेर अधिकारका लागि नलडे पेशा जोखिममा पर्नेछ ।'

कार्यक्रममा वक्ताहरुले सरकारवाट हुने निर्माण कार्यमा ईटाको न्यून प्रयोग हुन थालेकोमा चिन्ता व्यक्त गरेका थिए ।

# प्रभावकारी कदम चाल्न निर्देशन

काठमाण्डु । प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले मानव बेचबिखन नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न निर्देशन दिनुभएको छ ।

मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलको निरीक्षण भ्रमणपछि शुक्रबार आयोजित समारोहमा उहाँले ब्यूरोले गरेको कामको प्रशंसा गर्दै अझै समन्वयात्मकरुपमा प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न निर्देशन दिनुभयो ।

मानव तस्कर तथा बेचबिखन अपराधका गतिविधि बढ्दो क्रममा रहेको र त्यसको प्रकृति पनि फरक देखिएकाले सोहीअनुसार रणनीति तय गरी परिचालित हुन पनि उहाँले आग्रह गर्नुभयो । प्राप्त जनशक्ति र प्रविधिको भरपुर उपयोग गरी नतिजा निकाल्ने गरी काम गर्न उहाँले निर्देशन दिनुभयो । महानिरीक्षक कुँवरले तस्करी नियन्त्रणमा अन्य सरोकार राख्ने निकायसँग समन्वयात्मक ढङ्गबाट काम गर्नुपर्नेमा जोड दिनुभयो । मानव बेचबिखन संवेदनशिल विषय भएको र नेपाली धेरै विदेशमा काम गर्न जाने हुँदा सेवा ग्राहीलाई गर्ने व्यवहार पनि सेवाग्राही मैत्री हुनुपर्नेमा उहाँले जोड दिनुभयो । पछिल्लो समय वैदेशिक रोजगारीका नाममा बेचबिखनका घटना बढिरहेकाले त्यसतर्फ सचेत हुन पनि उहाँले आग्रह गर्नुभयो ।

सो क्रममा ब्यूरोका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले ब्यूरोले गरेका कामकारवाही र प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो । उहाँले वैदेशिक रोजगारीका नाममा मानव बेचबिखन भइरहेको बताउनुभयो । रासस

# प्राइम कमर्सियल बैंकको सिइओमा मानन्धर नियुक्त

टुडे समाचारदाता

काठमाण्डु । प्राइम कमर्सियल बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा संजीव मानन्धर नियुक्त भएका छन्।

बैंकको शुक्रबार सम्पन्न सञ्चालक समितिको बैठकले रिक्त सिइओ पदमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा २९ बमोजिम चार्टर्ड एकाउण्टेन्ट मानन्धरलाई नियुक्त गरेको हो।

नवनियुक्त सिइओ मानन्धरले ऐनको दफा १२७ बमोजिम शुक्रबारनै सञ्चालक समितिका अध्यक्ष राजेन्द्रदास श्रेष्ठ समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरे।

स्थापनाकालदेखि बैंकको महाप्रबन्धकका रुपमा कार्यरत मानन्धर यस अघि यसै बैंकको कायम मुकायम प्रमुख कार्यकारी अधिकृत पदमा थिए। मानन्धरको बैंकिङ क्षेत्रमा २३ वर्षभन्दा लामो अनुभव रहेको बैंकको भनाइ छ।

तत्कालीन नेपाल इन्भेष्टमेण्ट बैंकबाट बैंकिङ करियर सुरू गरेका मानन्धरले राष्ट्रिय वाणिज्य बैंकको विदेशी व्यवस्थापनसँग आवद्ध रही कार्य गरिसकेका छन्।

# पर्यावरण संरक्षण र योग सिकाउन १० महिनादेखि पैदल यात्रा

टुडे समाचारदाता

जनकपुरधाम । पर्यावरणको संरक्षण तथा योग सिकाउने उद्देश्यले भारतको कर्नाटक राज्यको मैसुर जिल्लाबाट पैदल यात्रा थालेका कृष्णा नायक मैसुर १० महिनापछि जनकपुरधाम आइपुगेका छन् ।



नायक भारतको कर्नाटक, तिलंगना, महाराष्ट्र, वेस्ट बंगाल, छतिसगढ, बिहार लगायत भारतका ११ वटा राज्य र नेपालको राजधानी काठमाण्डुको पैदल यात्रा पूरा गरी बुधवार जनकपुरधाम आइपुगेका थिए । खुट्टामा जुत्ता, पछाडिपट्टि झोला र त्यसमा नेपाल र भारतको झण्डा बोकेर पैदल यात्रा गर्ने नायक जनकपुरका विभिन्न योग भवन तथा विद्यालयहरुमा गएर पर्यावरण संरक्षण तथा योग शिक्षाका बारेमा विद्यार्थी, शिक्षक तथा सर्वसाधारणमा जनचेतना जगाउने काम गरिरहेका छन् ।

विहीवार जनकपुरधामस्थित श्री संकट मोचन माविमा पुगेर नायकले विद्यार्थीहरुलाई पर्यावरण संरक्षणको महत्व र यसको आवश्यकताको विषयमा जनचेतना जगाएका थिए । त्यसैगरी, विद्यार्थीहरुलाई योग समेत सिकाएका थिए ।

अहिलेसम्म ६ हजार किलोमिटर पैदल यात्रा गरेका नायक भन्छन्,' मेरो यात्रा अझै सकेको छैन, जनकपुरधामबाट असम राज्य पुगेर फेरि भारतको बाँकी राज्यहरुमा पैदल यात्रा गरेर पर्यावरण र योगको वारेमा जनचेतना फैलाउँछु । यो कार्यका लागि अझै डेढदेखि दुई वर्ष सम्म लाग्न सक्छ ।' पेशाले योगका अन्तर्राष्ट्रिय गुरु हुन् नायक । यात्राको दौरान नेपालीहरुबाट धेरै माया पाएको उनले सुनाए ।

कोभिड-१९ को बेलामा पर्यावरण र योगको महत्व बुझेर यसलाई विश्वव्यापी रुपमा जनचेतना जगाउनु पर्छ भनेर उनले मन बनाएका थिए । मध्यमवर्गीय परिवारमा जन्मेका नायकलाई लामो समयसम्म पदैल यात्रा कसरी गर्ने चिन्ता थियो ? स्वास्थ्यले साथ देला कि नदेला भनेर उनी कर्नाटकमै केही समय पैदल यात्राको अभ्यास गरेका थिए । उनी भन्छन,' धेरै दिनसम्म कर्नाटकमै पैदल यात्राको अभ्यास गरे । सुरुमा धैरै समयसम्म पैदल यात्रा गर्दा स्वास्थ्यमा सामान्य समस्या देखिन्थ्यो । तर त्यसलाई निरन्तरता दिदै गएपछि शरीरमा एक प्रकारको उर्जा थपिदै गयो । अन्ततः पैदल यात्रा गर्ने धोकोलाई साकार गर्ने कार्य सुरु भयो ।'

बढ्दो औद्योगिकरण र जनघनत्वले बोटविरुवाहरुको दैनिक विनास हुदै गएको छ । वन फडानी बढिरहेको छ । यसरी बढ्दै गएको वन फडानीले पर्यावरणमा ठुलो क्षति ल्याउछन, उनी भन्छन,' त्यसकारण मैले अनावश्यक वन फडानीलाई निरुत्साहित गरी सबैले आफ्नो स्तरबाट वृक्षरोपणमा ध्यान दिनुपर्छ भनेर मैलै यो लामो पैदल यात्रा सुरु गरेको हु ।'

# बेष्ट फाइनान्सद्धारा विभिन्न गुठीलाई पाँच लाख सहयोग

काठमाण्डु । नेवारी मौलिक परम्परागत धिमे बाजाको संरक्षणका लागि बेष्ट फाइनान्स कम्पनी लिमिटेडले उपत्यकाका विभिन्न गुठीलाई रु पाँच लाख सहयोग गरेको छ । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत १० वटा गुठीलाई रु ५० हजारका दरले आर्थिक सहयोग गरेको हो ।

कम्पनीका प्रमुख लगानीकर्ता गैरआवासीय नेपाली सङ्घका उपाध्यक्ष राजेन्द्रकुमार शर्माले गुठीका प्रतिनिधिलाई चेक हस्तान्तर गर्नुभयो । उहाँले कला र संस्कृतिको संरक्षण प्रवर्द्धन नभएसम्म मुलुक समृद्ध नहुने भन्दै यस कार्यमा सबै जुट्नुपर्ने खाँचो औँल्याउनुभयो । उहाँले काठमाडौँ उपत्यकाको नेवारी संस्कृति पर्यटनको उपज भएकाले कला र संस्कृतिको जगेर्ना गर्दै राष्ट्रलाई योगदान दिन सबै जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।रासस

# कान उपचार सेवा




टुडे समाचारदाता

सर्लाही । आँखा सम्बन्धी रोगको मात्र उपचार गर्दै आएको मलंगवाको सर्लाही आँखा उपचार केन्द्रले कानकोसमेत उपचार सेवा सुरु गरेको छ ।

नेपाल नेत्र ज्योति संघ अन्तर्गत सर्लाही आँखा उपचार केन्द्रले लहान आँखा तथा कान उपचार प्रणाली ,सगरमाथा चौधरी आँखा अस्पतालको प्राविधिक सहयोगमा सो सेवा सुरु गरेको छ । संघका सभापति अमरनाथ जयसवाल, सगरमाथा चौधरी आँखा अस्पताल लहान व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र चौधरी र सगरमाथा चौधरी आँखा अस्पतालका बरिष्ठ अस्पताल प्रबन्धक अभिषेक रौशनले कान जाँच कक्षको संयुक्तरूपमा उद्घाटन गरेका थिए ।

आँखामा समस्या देखिएका बिरामीहरुको कानमासमेत समस्या देखिने भएकाले बिरामीहरुलाई सहज हुने उद्देश्यले आँखा उपचार केन्द्रसँगै कानको पनि उपचार सुरु गरेको बरिष्ठ अस्पताल प्रबन्धक अभिषेक रौशनले बताए । केन्द्र मार्फत आँखा जचाउन आएका बिरामीहरुका साथै कानको मात्र समस्या भएका बिरामीहरुले सहुलियत दरमा कानको जाँच तथा उपचार गराउन सक्ने उनले बताए ।

संघका सभापति जयसवालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघका सचिव राजेश गुप्ता ,सदस्य चिरञ्जीवी मिश्रा, आँखा उपचार केन्द्रका इन्चार्ज डा.निराजन साह, मलंगवा न.पा वडा न-८ का वडाअध्यक्ष मुकेश जयसवाल, वडा न-३ का वडाअध्यक्ष प्रमोद रायको उपस्थिति रहेको थियो ।

# जसपाले केन्द्रीय नेताहरुलाई निर्वाचन निर्वाचन क्षेत्र र पालिकाहरुमा खटाउने

टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालले केन्द्रीय नेताहरुलाई निर्वाचन क्षेत्र र पालिकाहरुमा खटाउने भएको छ ।

३ महिने पार्टी विस्तार तथा सुदृढीकरण अभियानमा नेताहरुलाई खटाउन लागिएको जसपाले जनाएको छ ।

सो क्रममा नेताहरुले आफ्नो जिम्मेवारीभित्रको भूमिकामा रहेर संगठन विस्तारका कार्यक्रमहरु सञ्चालन गर्ने प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

साथै नयाँ विधानका सम्बन्धमा प्रशिक्षण कार्यक्रम चलाई विधानबारे कार्यकर्ताहरुलाई प्रशिक्षित गरिने छ । यस अवधिमा संगठनको अभिलेख संकलन र सदस्यता बितरण कार्यसमेत हुने उनले बताए । सोही बमोजिम पार्टीले आउँदो शनिबारदेखि नै प्रदेश तथा स्थानीय तहहरुमा प्रशिक्षण कार्यक्रम गर्न लागेको पनि बस्नेतले जानकारी दिए ।

# ग्रीसमा नेपालीलाई अपहरण गरी फिरौती लिने गिरोह पक्राउ

काठमाण्डु । नेपाल प्रहरीले ग्रीसमा नेपालीलाई अपहरण गरी फिरौती रकम लिने गिरोहलाई पक्राउ गरेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले गत जेठ १२ गते नेपालबाट 'सिजनल भिषा'मा वैदेशिक रोजगारीका क्रममा सर्बिया गएका तीन नेपालीलाई बन्धक बनाएर रकम फिरौती माग्ने चार जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा धनकुटाका ३२ वर्षीय शिवराज कुँवर, काठमाडौँका ५६ वर्षीय रामेश्वर अर्याल, कपिलवस्तुका ३२ वर्षीय प्रकाश बेलबासे र पर्वतका ४२ वर्षीय दिलबहादुर थापा रहेका छन् ।

ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारीले सर्बियामा गएका पीडितले चित्त बुझ्दो रोजगार तथा तलब सुविधा नपाएपछि लुकीछिपी ग्रीस प्रवेश गर्न खोज्दा हिन्दी भाषा बोल्ने अपरिचित पाकिस्तानीले अपहरण गरी डोरीले बाँधेर शारीरिक तथा मानसिक यातना र डर त्रास देखाइ ज्यान मार्ने धम्की दिइ फिरौती १५ हजार मागेकाले पक्राउ गरिएको जानकारी दिनुभयो । पक्राउ परेका कुँवर नेपालमा फिरौती रकम लिने, अर्याल नेपालमा फिरौती लिएको रकम कुँवरसँग लिन सम्पर्क गर्ने, बेलबासे दुबईबाट नेपालमा कुँवरलाई फिरौती रकम लिन लगाउने र थापा दुबईमा बेलबासेलाई रकम नेपालको अर्याललाई दिनु भनी सम्पर्क गर्ने भूमिका खेलेको प्रहरीको अनुसन्धानमा खुलेको प्रवक्ता अधिकारीले बताउनुभयो ।रासस


## श्री निर्धन उत्थान वचत तथा ऋण सहकारी संस्था लि.

मिल्स एरिया, जनकपुरधाम-११

### कर्जा/ऋणको साँवा व्याज हर्जाना चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०५/०९

यस संस्थाबाट तपसिल बमोजिमका ऋणीहरुले विभिन्न प्रयोजनका लागि विभिन्न मितिमा लिएको ऋण चुक्ता गर्नका लागि बारम्बार लिखित, मौखित र फोन/मोबाइल मार्फत समेत ताकेता गर्दै आए पनि निजहरुबाट ऋण साँवा व्याज चुक्ता गर्नमा कुनै चासो नदिएकोले निजहरुले साँवा व्याज हर्जाना र ऋण असुली प्रक्रिया अवलम्बन गर्दा लागेको सम्पुर्ण खर्च रकम समेत पत्रिकामा प्रकाशित मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थाको कार्यालयमा सम्पर्क गरी आफूले तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा व्याज र हर्जाना रकम तिर्नु बुझाउनुहुन जानकारी गराइन्छ । अन्यथा ऋण चुक्ता नगरेमा धितो वापत राखेको जग्गा संस्थाको नियमनुसार लिलामी प्रक्रियामा जाने हुने भएकोले सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | ऋणीहरुको नाम, थर | ठेगाना | बुवा/पति/बाजेको नाम, थर | ऋण लिएको मिति | ऋण रकम रु. (साँवा) | व्याज रकम रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | राम अशिष दास कथवनिया | सुगा मधुकरही, वा.नं. २ जि. धनुषा | बुवाः रामशोभितदास बाजेः फौदार दास | २०७२।११।१७ | ७,००,०००।- | १०,८३,६९८।- | १७,८३,६९८।- |
| २ | कलित पौद्दार | वसहिया व.नं. ९ जि. धनुषा | बुवाः रामदेव पौद्दार बाजेः शुभक लाल पौद्दार | २०७६।०३।२५ | ४,००,०००।- | ७१,५२८।- | ४,७१,५२८।- |
| ३ | चन्देश्वर साह कसेरा | ज.उ.म.न.पा. वा.नं. ११ | बुवाः लक्ष्मी साह कसेरा बाजेः रामजी साह कसेरा | २०७७।१२।२४ | ३,९०,०००।- | २८,६६१।- | ४,१८,६६१।- |
| ४ | रोशन कुमार झा | दुहवी, हाल ज.उ.म.न.पा. वा.नं. १ जि. धनुषा | बुवाः अभिकान्त झा बाजेः भगवान दत्त झा | २०७९।१०।०६ | ९,५०,०००।- | ९४,७७२।- | १०,४४,७७२।- |

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## मेरो चाहना

म रुन होइन, सधैँ हाँस्न चाहन्छु ।
म मर्न होइन, सधैँ बाँच्न चाहन्छु ।।
कला साहित्यको सागरमा डुब्न चाहन्छु ।
म कल्पनाको गहराइमा पुग्न चाहन्छु ।।
कर्मको कलमले भाग्यको पानामा,
सफलताको नयाँ कथा लेख्न चाहन्छु ।
म संघर्षको एउटा उदाहरण बन्न,
सपनाको सगरमाथा टेक्न चाहन्छु ।।
आफ्ना आमाबुबाको आर्द्रनयन होइन,
मीठो मधुर मुहार गर्न चाहन्छु ।
म सभ्य असल सन्तान अज्ञाकारी,
कलीयुगको श्रवणकुमार बन्न चाहन्छु ।।
जीवन-जगतको अन्धकार मेटाउने,
सुर्यझैं तेजस्वत तारा बन्न चाहन्छु ।
म नेपाल आमाको आँचलमा बग्ने,
स्वच्छ शीतल जलधारा बन्न चाहन्छु ।।



लेखक :- राम मण्डल
ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१ सिनुरजोडा
धनुषा, नेपाल

## 'रक्षा बन्धन'

सुनु यौ हमर सखी सहेली बहिना !!
आबि गेल अछि साउनक महिना !!
सुनु यौ हमर बाबुजी, सुनु यौ हमर माइ !!
राखी बान्हब कत गेलखिन भैया आ भाइ !!
आँगनमे रङ्गिबिरङ्गि चौका बनाएब !!
भाइ आ भैयाक पिढियाप बसाएब !!
थालिमे दीप लेसिक भैयाक आरती उतारब !!
रसगुला खुआक रेशमक धागा बान्हब !!
भैयाक लगाएब चन्दनक टीका माथमे !!
भैयाक रङ्गिवरङ्गक राखी बान्हब हाथमे !!
लाखो हजारमे एक अछि हमर भैया !!
राखी बान्हिक छुअब हुनकर पैयाँ !!
भैया हमर रखथिन राखीक लाज !!
दुश्मनसँ करथिन रक्षा, करथिन निमन काज !!
भैया हमर करैत अछि नोकरी सरकारी !!
हमरा लेल लओथिन निमन-निमन सारी !!
भाइबहिनक प्रेमक अटुट बन्धन अछि पावैण राखी !!
अँहु बान्हिलेब भाइभैयाक राखी, सुनु यौ बहिना सखी !!



लेखक : फूलगेन महरा
ठेगाना : सिरहा नगरपालिका वार्ड नं. ७

## देशको माटो

कलमलाई मातेको हेर्छु।
इमान्दारी आतेको हेर्छु।
न्याई झोलामा हेर्छु।
लिइएको सपत, खोलामा हेर्छु।
सभामा चिलहरु हेर्छु, स्थानिय टिल्ल हेर्छु।
बुद्धिलाई चुप हेर्छु, फूलबारीको माली कुरुप हेर्छु।
कुर्सीको अनेकन रुप हेर्छु।
टुटेका बांध, थाकेका काँध हेर्छु,
संस्कृति फेरेको, उडानलाई घेरेको हेर्छु,
मुकुट मुखौटा माथि
मुखौटा को अनेकौ रूप, तिमी चुप म चुप
छौ ,कलम चलाउने ठाउँमा, किन तिमी अर्जिने दाऊमा।
जन-जनमा मुस्कान
ल्याएर हेर, न्यायको लागि कलम
चलाएर हेर।
मुखौटा फालेर हेर
देशको माया पालेर हेर, जान्छौ भने जाऊ
जुनसुकै बाटो, न विर्स यसलाई
यो हो देशको माटो, यो हो देशको माटो।



लेखक उपेन्द्र ठाकुर

## । जिन्दगी ।।

वित्दै छ उमेर विस्तारी विस्तारी
पल पल हाम्रो आठै प्रहर बिस्तारि बिस्तारि
वित्दै छ उमेर विस्तारी विस्तारी
बाल्यकाल पनि वित्यो जवानी पनि बित्नेछ
त्यसैले शिक्षा दिछ्या ग्रहण गरौ सुस्तरि सुस्तरी
बुढेसकालको असर हुनेछ बिस्तारि बिस्तारि
वित्दै छ उमेर विस्तारी विस्तारी
त्यसैले परिश्रम गरौ सुस्तरि सुस्तरी
वित्दै छ पल पल हाम्रो आठै प्रहर बिस्तारि बिस्तारि
तिम्रो हात गोडामा ताकत रहने छैन विस्तारि विस्तारि
झुक्ने छ तिम्रो ढाड विस्तारि विस्तारि
वित्दै छ उमेर विस्तारी विस्तारी
नराम्रो काम बाट आफ्नो मनलाई हटाउ
सत्कर्म गरौ सुस्तरि सुस्तरी
पुण्य गर्ने तर्फ लम्कौ सुस्तरी सुस्तरी
सम्हलिने छ यो जिवन बिस्तारि बिस्तारि
अघिल्लो जन्म पनि हुनेछ संस्कारी संस्कारी
वित्दै छ उमेर विस्तारी विस्तारी



प्रमोद राम
जनकपुर-९

## कानुन

कानुन भन्दा छैन्न कोई माथि
हामी सबै काबुन कै साथि ।

वासी भएको खबरहरु पनि हुन्छ ताजा
हाम्रो देश नेपालको कानुन नै राजा ।।

कसैको हक अधिकारको हनन भएमा प्रचलन गराउने
कानुनले नै उपचारको बाटो देखाउने ।

आफ्नो अधिकार भन्दा बढी कार्य गरेमा रोक्छ
कसैको हानि नोक्सानी पुर्याएमा कानुनले सजाई तोक्छ ।।

यसको उद्देश्य समाजमा शान्ति सुरक्षा स्थापना गर्ने
जनताले आफ्नो अधिकार पाउनको लागि कसैको सामु नडराउने ।।

कानुनले बढ्छ देशको सान
मोनाष्टिक कलेजमा मा पढ्ने अनुप हो मेरो नाम ।।



लेखक - अनुप कुमार यादव (कानुन संकाय विधार्थी)
ठेगाना :- मिथिला बिहारी नगरपालिका ,कचुरी-२

## कबिता

साल भरि सँ रौदी परल
सुखल हमर मनक जमीन प
सगरो फाटल दराईर छलै
आई तोहर नेहक बर्षा सँ
पनिया गेल छै
हमर हियाक कियारी
आ
अरिया उछाल केने छै
तोहर प्रीतक बरसाल
एक एक बुन्न सँ
भरि गेल छै
हमर मनक खेत
आ
जरल छलै जे
तोहरे रोपल प्रीतक बिच्छन
फेर सँ लहलहा उठल छै



अशरफ राईन
सिनुरजोड़ा, धनुषाद्ध

## 'आजको संसार '

झुठै झुठको खेती हुदैछ यहाँ किन? बनाइयो यस्तो संसार भगवान!!
छलकपटबाट मान्छेले मान्छेलाई मारी दिन्छ किन? बनाइयो यस्तो संसार भगवान!!
कसैले कसैलाई विश्वास गर्दैन अन्धविश्वासको संसार बनिसकेको छ!!
सोझो मान्छे पनि गल्त कुलतमा फसिहाल्छ किन? बनाइयो यस्तो संसार भगवान !!
यहाँ आफ्नो स्वार्थको लागि मान्छेले मान्छेलाई प्रयोग गरेर फालिन्छ!!
हेर्दा मासूम तर भित्र घमण्डै घमण्डले भरिएको हुन्छ किन? बनाइयो यस्तो संसार भगवान !!
यहाँ मान्छे आफ्नो सुख शान्तिमा बाच्दैन बरु अरूलाई दुःख पीडा दिएर बाच्छ!!
आफ्नो गल्तिमा चुप लागेर बस्छ तर अर्काको गल्तीमा सिधा जज किन? बनाइयो यस्तो संसार भगवान!!
सबैले रुपैयाँ, पैसा, धन सम्पत्तिकै लागि बाचिरहन्छ बरु यस्को लागि ज्यानै किन्न नजायोस!!
चारै तिर लुटपाट, मारकाट, बलात्कार हुने गर्दछन किन? बनाइयो यस्तो संसार भगवान !!



लेखक- आर के एस पासवान
ठेगाना - औरहि -४,नवटोली, सिरहा

## 'बिसर्न सकेन'

चाहेका कुराहरू पुरा गर्न सकेन हुन् त तिमी बाट टाढा !
भए तर तिमीलाई बिसर्न सकेन
सबैले ठिकै भन्छ। सोचेको कुरा काहा पूरा हुन्छ.!
अधुरो कुरा भए तर तिमीलाई बिसर्न सकेन !
सोचेको थिए तिमीलाई जीवनसाथी बनाउ,
समाज र प्रस्थितिले बन्न दिएन,
तिम्रो बन्न नपाए तर तिमीलाई बिसर्न सकेन !
यो आँखाले हेरेको सपना पुरा गर्न सकेन हुन् त तिमी बाट टाढा !
भए तर तिमीलाई बिसर्न सकेन !
वर्गीय,जातीय भेदभावले अग्रता पाए हुन् त तिमी बाट टाढा !
भए तर तिमीलाई बिसर्न सकेन !
सुरुमा पाएका क्षणिक माया बिलिप्त भए हुन् त तिमी बाट टाढा !
भए तर तिमीलाई बिसर्न सकेन !
तिम्रो मायामा मिठो पीडा पाए पीडित भए हुन् त तिमी बाट टाढा !
भए तर तिमीलाई बिसर्न सकेन !



लेखक :- आई.पी. रुपेश महतो
ठेगाना :-माधवनारायण न पा -३ सखुअवा
रौतहट

## गजल

करिना कहुँ की विपशा अहाँके
जिलेबी कहुँ की बताशा अहाँके

सैट गेली ह्रदयमे मोम जहन
मोम कहुँ की लाशा अहाँके

साथ नै छोडब बस आश अतबे
सच कहुँ की दिलाशा अहाँके

अखनो विश्वास नै होए अही छी
जिनगी कहुँ की तमाशा अहाँके



उदगार यादब
मिथिला विहारी नगरपालिका

## 'खोजीमा छु'

परिश्रमीले बाँच्ने दिनको खोजीमा छु
बिचौलिया मास्ने जनको खोजीमा छु।
चौतर्फी दलालको बिगिबगी भा बेला
यो संजाल च्यात्ने मनको खोजीमा छु।
रक्षक नै भक्षक भै पालेको अग्राख
चारकोशे उहीँ वनको खोजीमा छु।
संरक्षणवादी अखडामा धावा बोल्दै
थुपारेको कालो धनको खोजीमा छु।
राज्य शक्तिको चरम दुर्पयोग रोक्ने
सरकारी नयाँ पनको खोजीमा छु ।



नाम: रमेश कुमार शर्मा
ठेगाना: जनकनन्दिनी गा.पा. उधा-५ ,धनुषा

## प्रेम पत्र

पाइन्छ र चोखो माया पत्र पठाऊँदैमा
लाइन्छ र चोखो माया पत्र पठाऊँदैमा।
थुप्रै आउछन् कुराहरु लेख्न पत्र भित्र
मागिन्छ र चोखो माया पत्र पठाऊँदैमा।
हाम्रो सम्बन्ध होस् दुनियाको उदाहरण
चाहिन्छ र चोखो माया पत्र पठाऊँदैमा।
सम्बन्ध त यस्तो होस् जुनी जुनी साथ दिने
भातिन्छ र चोखो माया पत्र पठाऊँदैमा।
एक तर्फी मायाको स्वाद बेग्लै हुन्छ अरे
मातिन्छ र चोखो माया पत्र पठाऊँदैमा।



नाम:राजन कुमार महातो
घर:क्षिरेश्वरनाथ नगरपालिका सीतानगर-८

## गजल

सुतलामे देखलौं , आई ऐहन सपना
राखीं लेने बहन , खाड छलै उ अंगना
निपल पोतल छलै , घर ओर असोरा
पिढिया प छाप्ल छलै,पिठारक छपना
काग कुचरैत छलै , आश बढैत छलै
बाट तकैत छलै, उ दुरुखी प बहना
हमहुँ बैठी गेलियै ओ पिढिया प जा'क
लडु खुवा बहन कर , लगलै बंदना
हाथ जौं बढाबेला कैलियै , राखींकें ओर
खुली गेलै निन्द आ, बह लगलै नयना



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर

# ५ वर्षपछि अभिनयमा फर्किइन् रेखा



काठमाण्डु । कुनै समय नेपाली फिल्ममा बलियो पकड बनाएकी सुपरस्टार रेखा थापा फिल्म 'मालिका' (२०७५)यता अभिनयमा सक्रिय थिएनन् । उनको सक्रियता राजनीतिमा बढी देखियो । अब उनी आफ्नो होम प्रोडक्सनको फिल्म 'उपहार'मार्फत् ५ वर्षपछि अभिनयमा फर्किएकी छन् ।

बिहीबार पशुपतिनाथमा शुभ-मुहूर्त गरेपश्चात् त्रिभुवन विमानस्थलको गेटबाट फिल्मको छायांकन थालिएको छ । अघिल्लो वर्षको सुपरहिट फिल्म 'झिँगेदाउ'का निर्देशक ज्ञानेन्द्र देउजाले 'क्याप्टेनसिप' सम्हालेको फिल्ममा रेखाका साथै पूजा शर्मा, बेनिशा हमाल, मुकुन भुषाल, मिस्टर नेपाल २०२३ का विजेता समर्पणजंग कार्की, शिशिर राणा, तेज गिरीलगायतको मुख्य भूमिका रहनेछ । काठमाडौं आसपासमा छायांकन गरिने फिल्म सामाजिक विषयवस्तुमाथि आधारित भएर निर्माण हुने जानकारी प्राप्त छ ।

रेखा फिल्मस् र कपनगढी फिल्म्सको संयुक्त ब्यानरमा बन्न लागेको फिल्ममा अभिमन्यू निरवी तथा सुलक्षण भारतीयको लेखन छ । फिल्ममा रेखा, पूजा र बेनिशा एक्सन भूमिकामा प्रस्तुत हुने जानकारीमा छ । पहिलो पटक उनीहरुको फिल्ममा सहकार्य भएको हो । रेखा थापालाई 'उपहार'बाट जबर्जस्त कमब्याकको दबाब छ । किनकि, 'रुद्रप्रिया'यता उनका कुनै पनि फिल्म सफल छैनन् ।

# सारुकको अन्तिम काम म्यूजिक भिडियोमा

काठमाण्डु । गत असार २१ गते घरमा मृत भेटिएका अभिनेता सारुक ताम्राकारले अभिनय गरेको अन्तिम फिल्म 'ह्यासट्याग माया'को दृश्यलाई समेटेर म्यूजिक भिडियोको रुपमा सार्वजनिक गरिएको छ । बिहीबार एक कार्यक्रमबीच 'माया' बोलको गीतमा सारुकले फिल्ममा अभिनय गरेका दृश्यहरु समावेश छन् । उनको 'लेडी लभ'को रुपमा निकिता आचार्य फिचर्ड छिन् । गीतको अडियो सशक्त छ ।

गीतमा एसडी योगीको स्वर-संगीत र राम अविरल विष्टको शब्द रचना छ । खासमा यो गीत फिल्मका लागि तयार पारिएको थियो । तर, सारुकको निधनपछि फिल्मको निर्माण नै अन्योल बन्यो । यसपछि निर्माण टिमले उनको अन्तिम कामलाई दर्शकमाझ ल्याउन फिल्मभित्रका दृश्यलाई समेटेर म्यूजिक भिडियो तयार पारेको हो ।

# आफ्नो फिल्म पर्दामा हेर्न नसक्ने केकी र सलोन

काठमाण्डु । एउटा कलाकारका लागि आफूले अभिनय गरेको फिल्म सन्तानजस्तै हुन्छ । अर्थात् अगाध प्रेम हुन्छ । नहोस् पनि किन ! फिल्मका लागि महिनौं समय दिइएको हुन्छ । चरित्र निर्माणमा मिहिनेत गरिएको हुन्छ । प्रचारमा उस्तै दौडधुप हुन्छ । यसैले कलाकारहरु फिल्म रिलिजको संघारमा हुँदा जति उत्साहित देखिन्छन्, त्यतिक्कै बेचैन पनि हुन्छन् । कति त पर्दामा आफूलाई हेर्न नै सक्दैनन् ।

अभिनेत्री केकी अधिकारी र अभिनेता सलोन बस्नेतलाई पनि आफ्नो काम पर्दामा हेर्न असाध्धै गाह्रो लाग्छ । बुधबार भएको फिल्म 'जय हो'को प्रिमियरमा पनि दुवैलाई पर्दामा आफूलाई हेर्न गाह्रो महसुस भएको थियो । सलोनले त बीचमै हलबाट बाहिरिने प्रयास समेत गरेका थिए । तर, बहिनी र श्रीमतीले उनलाई कुर्सीबाट उठ्न दिएनन् । आफ्ना हरेक फिल्म हेर्न उनलाई यस्तै सकस हुन्छ ।

उनी भन्छन्, 'मलाई आफ्नो फिल्म हेर्न एकदमै गाह्रो हुन्छ । म हेर्नै सक्दिनँ । त्यही भएर मैले 'जय हो' हेर्न बहिनी (सलिना बस्नेत) र श्रीमती (करिश्मा केसी)लाई लिएर आएको थिएँ । उनीहरुले मलाई कुर्सीबाट उठ्नै दिएनन् । नत्र म बीचमा भाग्न लागिसकेको थिएँ, गाह्रो भएर । हेर्दै जाँदा फिल्मको 'फ्लो' राम्रो लाग्यो । केकी र मैले फिल्म राम्रो हुँदैछ भनेर कुराकानी पनि गरिरहेका थियौं ।'

केकी पनि आफ्नो फिल्म पर्दामा हेर्दा अप्ठ्यारो महसुस हुने अनुभव सुनाउँछिन् । ' दर्शक भएर आफ्नो फिल्म हेर्नै सकिँदैन । कता के कमजोरी छ, के गरिरहेको छु भनेर ढुकढुक मात्रै भइरहन्छ । हेर्न नपरे पनि हुन्थ्यो भनेर कहिले कुर्सीमुनि अनुहार लुकाउँछु,' उनी भन्छिन्, 'मलाई मेरो कुनै पनि फिल्म प्रिमियरमा हेर्दा एकदमै अप्ठ्यारो महसुस हुन्छ । 'जय हो'मा पनि त्यस्तै महसुस भयो ।'

प्रिमियरमा फिल्मकर्मीहरुले सलोन र केकीको अभिनयको प्रशंसा गरेका थिए । छायांकन पक्षको पनि उतिक्कै प्रशंसा भएको थियो । टेक पौखरी राईद्वारा निर्देशित फिल्मले मल्टीप्लेक्सहरुमा सुखद शो प्राप्त गरेको छ । 'वर्ड अफ माउथ' बलियो मिलेको खण्डमा फिल्मले व्यापार पनि सुखद गर्न सक्ने देखिन्छ । 'जय हो'को 'म आगो भए' बोलको रोमान्टिक गीत यतिबेला सर्वाधिक चर्चामा छ ।



# कार्यकारी भूमिकामा 'एक व्यक्ति, एक पद' नीति लागू गर्दै एमाले

काठमाण्डु । नेकपा (एमाले)ले कार्यकारी पदको भूमिकामा दोहोरो जिम्मेवारी अन्त्य गर्ने नीति लिने भएको छ । यसका लागि अब हुने प्रदेश र जिल्ला अधिवेशनमा जनप्रतिनिधिलाई पार्टी कमिटीका अध्यक्ष र सचिवको जिम्मेवारीका लागि उम्मेदवार बन्न रोक लगाउने भएको हो ।

एमालेले पार्टीका प्रदेश, जिल्ला र पालिका कमिटीका अधिवेशन गर्दा पलिकाका वडाध्यक्ष, प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, प्रदेशसभाका सदस्य, प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यलाई पार्टी कमिटीका अध्यक्ष र सचिवको जिम्मेवारीका लागि उम्मेदवार बन्न रोक लगाउन अध्यक्ष केपी शर्मा ओलीको हस्ताक्षरमा यही भदौ १ गते अन्तरपार्टी निर्देशन दिएको हो । अध्यक्ष ओलीले आफू नेतृत्वमा नआउँदै पार्टी जीवनको लोकतान्त्रिकिकरण र एक व्यक्ति एक पदको वकालत गर्दै आउनुभएको थियो ।

एमालेको २०७३ असार ७ गतेको स्थायी कमिटीको बैठकले संविधानबमोजिम पार्टीका संरचनालाई प्रदेशमा रुपान्तरण गर्ने र एक व्यक्ति : एक पदको नीतिमा अघि बढ्ने निर्णय गरेको थियो । यद्यपि विसं २०७५ जेठ ३ गते एमाले र नेकपा (माओवादी केन्द्र) बीच एकता भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएपछि नयाँ संरचना बनेको थियो। नेकपाभित्रको विवाद चुलिएसँगै सर्वोच्च अदालतबाट विसं २०७७ फागुन २४ गतेको आदेशबाट एमाले र माओवादी केन्द्र पूर्ववत् अवस्थामा फर्किएका थिए ।

तत्पश्चात् एमाले केन्द्रीय महाधिवेशनमा होमियो भने प्रदेश कमिटीको नेतृत्व माथिबाट मनोनयनका आधारमा चयन गरेको थियो । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा अपेक्षाकृत परिणाम नपाएपछि एमालेले तीन महिने 'मिसन ग्रासरुट अभियान' सञ्चालन गरी सोको समीक्षापछि कार्ययोजना लागू गरिरहेको छ ।

गत साउन २९ गतेको २४औँ सचिवालय बैठकको निर्णयअनुसार सो निर्देशन दिइएको सो पार्टीका केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख राजेन्द्र गौतमले बताउनुभयो । "पार्टी कमिटीका अध्यक्ष र सचिवका पदहरू कार्यकारी पद हुने भएकाले ती पदमा जनप्रतिनिधि वा संसदीय मोर्चामा रहेका नेता-कार्यकर्तालाई जिम्मेवारी नदिई उनीहरूलाई संसदीय मोर्चामै सक्रिय र प्रभावकारी भूमिका प्रदर्शन गराइनेछ", स्थायी कमिटीका सदस्य नेता गौतमले रासससँग भन्नुभयो, "यसबाट पार्टीको समग्र कामको व्यवस्थापन र परिचालनमा सहयोग पुग्ने र दोहोरो जिम्मेवारी अन्त्य भई जहाँ कार्यकारी भूमिका हो, त्यहाँको काम प्रभावकारीरूपमा सम्पादन हुन सहयोग पुग्ने विश्वास लिइएको छ।" एमालेको यो निर्णय केन्द्रीय कमिटीका पदाधिकारीका हकमा भने लागू हुनेछैन। एमालेको बागमती प्रदेश कमिटीका अध्यक्ष केशव पाण्डेले केन्द्रको निर्देशन सामयिक भएको र त्यसको कार्यान्वयन गराउने गरी प्रदेश अधिवेशनको तयारी भएको जानकारी दिनुभयो। एमालेले प्रदेश अधिवेशनको प्रतिनिधि छनोटमा एकरुपता ल्याउन पालिकालाई प्रतिनिधित्वको आधार मान्ने र सदस्य सङ्ख्या न्यून रहेको स्थानमा समावेशीताको प्रतिनिधित्वको आधार जिल्ला वा प्रदेशसभा निर्वाचन क्षेत्रलाई बनाउन सकिने निर्णय गरेको छ । पार्टी प्रवेशबाट आएकाको हकमा सम्बन्धित प्रदेशको विशेषताअनुरुप प्रतिनिधित्वका लागि विशेष व्यवस्था गर्न एमाले सचिवालयले भनेको छ । साथै ४० वर्षमुनिका युवा सहभागिता सुनिश्चित हुने गरी प्रतिनिधि चयनको विधि तय गर्न पनि निर्देश गरिएको छ। अधिवेशनबाट नेतृत्व चयन गर्दा भविष्यमा पार्टीमा प्रवेश गर्नेको सम्भावनालाई समेत ध्यानमा राखी कमिटीको अधिकतम सङ्ख्याभन्दा कम गर्न, विगतमा कमिटीमा १० प्रतिशतसम्म मनोनयन गर्न पाउने अधिकारलाई अधिवेशनकै समयमा प्रयोग गर्नेजस्ता गल्ती नगर्न निर्देशन दिइएको एमालेले जनाएको छ। यदि अधिवेशनबाटै कमिटीको मनोनयनका अधिकार प्रयोग गरेमा उक्त निर्णय स्वतः बदर हुनेछ।




**एक तिहाइ युवा प्रतिनिधित्व**

एमालेले एक तिहाइ युवा प्रतिनिधित्व सुनिश्चित गर्ने' भन्ने निर्णयलाई सिर्जनात्मकरुपले कार्यान्वयन गर्ने एमालले निर्णय गरेको छ । प्रदेश कमिटीमा चालिस वर्षमुनिका युवाका सहभागिता न्यूनतम १० प्रतिशत, जिल्लामा न्यूनतम १५ प्रतिशत, पालिकामा न्यूनतम २० प्रतिशत र वडा तथा टोलमा कम्तीमा एक तिहाइ पुऱ्याउने एमालेको लक्ष्य छ।

**प्रदेश अधिवेशनको तयारी**

एमालेले यही भदौ १६ र १७ गते लुम्बिनी प्रदेशमा प्रदेश कमिटीको अधिवेशन गर्ने भएको छ। साथै आगामी असोज ५ र ६ गते मधेस प्रदेश, असोज ८ र ९ गते बागमती प्रदेश, असोज १० र ११ गते कर्णाली प्रदेश, असोज १२ र १३ गते कोशी प्रदेश, असोज १५ र १६ गते गण्डकी प्रदेश, असोज १९ र २० गते उपत्यका विशेष प्रदेश र असोज २१ र २२ गते सुदूरपश्चिम प्रदेश कमिटीको अधिवेशन तय गरेको छ । सम्बन्धित कमिटीले सोहीअनुसार तयारी गरेको जनाइएको छ। रासस

# मुलुकको इज्जतका लागि तस्करबरी नियन्त्रण गर्नुपर्छ : एमाले अध्यक्ष ओली

विराटनगर । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको इज्जत जोगाउन तथा अर्थतन्त्र र आर्थिक उन्नतिका लागि तस्करी नियन्त्रण अति आवश्यक रहेको बताउनुभएको छ।

विराटनगर विमानस्थलमा शुक्रबार सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष ओलीले तस्करीका कारण मुलुकको विकासमा बाधा उत्पन्न हुने भएकाले यसलाई अविलम्ब रोक्न माग गर्नुभयो ।




पूर्वप्रधानमन्त्री ओलीले नेपाली कांग्रेस र एमाले दुई ठूला जिम्मेवार राजनीतिक दलले मुलुकमा सुशासन, आर्थिक विकासका लागि मिलेर आगाडि बढ्नुपर्नेमा दुई मत नरहेको स्पष्ट पार्नुभयो । उहाँले एमाले सरकार निर्माण गर्नेतर्फ ध्यान नदिएको भन्दै राजनीतिक स्थिरता, सुशासन, भ्रष्टाचार नियन्त्रण र आर्थिक विकासतर्फ केन्द्रित रहेको धारणा राख्नुभयो। अध्यक्ष ओलीले कोशी प्रदेशमा सरकार निर्माणका सम्बन्धमा भइरहेका राजनीतिक गतिविधिमा असन्तुष्टी व्यक्त गर्नुभयो। रासस

# अन्तिम चरणमा विद्युत् विधेयक, ऊर्जा विकासका लागि रणनीतिक योजना

काठमाण्डु । सरकारले बहुप्रतिक्षित विद्युत् विधेयकलाई केही दिनभित्रै सङ्घीय संसद्मा पेस गर्ने तयारी गरेको छ। विद्युत् व्यापारलगायत ऊर्जा क्षेत्रको समग्र विकासका लागि अत्यावश्यक मानिएको सो विधेयक शुक्रबार बसेको मन्त्रिपरिषद्को विधेयक समितिले पारित गरेको छ। सो समितिले पारित गरेको विधेयक अन्तिम स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरिएको छ।

मन्त्रिपरिषद्ले पारित गरेपछि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले सो विधेयक सङ्घीय संसद्मा पेस गर्नेछ। निजी क्षेत्रका ऊर्जा उद्यमीलेसमेत तत्काल नयाँ कानुन ल्याउन सरकारसमक्ष आग्रह गर्दै आएका थिए । सरकारले यसअघि नै सो विधेयक संसद्मा पेस गरेको थियो।

सङ्घीय संसद्को कार्यकाल सकिएका कारण सो विधेयक प्रक्रियामा जान सकेको थिएन । तत्कालीन ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले सो विधेयक राष्ट्रियसभामा पेस गर्नुभएको थियो । तत्कालीन ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री भुसालले २०७९ भदौ ३१ गते विद्युत् विधेयक फिर्ता लिनुभएको थियो।

संसदीय प्रक्रिया लामो हुने देखिएपछिसंसद्को कार्यकालसमेत अन्तिम हुन लागेको अवस्थामा थप सहजीकरणका लागि अध्यादेश जारी गर्न लागिएको थियो । राष्ट्रपति कार्यालय पुगेको सो अध्यादेश जारी हुन सकेको थिएन।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले बिहीबार मन्त्रालयमा सञ्चारकर्मीसँगको अनौपचारिक छलफलमा सो विधेयकलाई छिट्टै सङ्घीय संसद्मा पेस गरिने बताउनुभयो।

उहाँले समयको मागअनुसार ऊर्जा क्षेत्रको समग्र विकास, विद्युत् व्यापार तथा आन्तरिक खपत वृद्धिलगायतका विषयलाई केन्द्रमा राखेर सो विधेयक अगाडि बढाउन लागिएको बताउनुभएको थियो । हालसम्म विद्युत् ऐन, २०४९ अनुसार नै मुलुकको समग्र ऊर्जा क्षेत्र क्रियाशील थियो । सो ऐनलाई समयानुकूल बनाउनुपर्ने माग सरोकारवाला निकायले गर्दै आएका थिए। निजी ऊर्जा उद्यमीले पनि समयानुकूल कानुन नहुँदा आफूहरूलाई अप्ठ्यारो परेको बताउँदै आएका थिए । त्यसो त ऊर्जामन्त्री बस्नेतले ऊर्जा क्षेत्रको समग्र विकासका लागि १२ वर्षे रणनीतिक योजना अन्तिम तयारी भइरहेको जानकारी दिनुभएको छ । कार्ययोजनामा सन् २०३५ सम्म मुलुकका लागि आवश्यक बिजुली, त्यसका लागि कुन-कुन आयोजना अगाडि बढाउने तथा लगानीको स्रोत के रहनेलगायतका विषय समेटिएको उहाँको भनाइ छ। यसअघि पनि सरकारले १० वर्षमा १० हजार मेगावाटलगायतका कार्ययोजना सार्वजनिक गरेको थियो।

मुलुकमा ऊर्जा क्षेत्रको विकासमा अपेक्षित प्रगति भएको, उत्पादन क्षमता क्रमशः बढ्दै गएको भए पनि प्रसारण तथा वितरण प्रणालीको अभावमा गुणस्तरीय र भरपर्दो बिजुली उपलब्ध हुन सकेको छैन । नेपालले भारतमा बिजुली निर्यात सुरु गरेको छ।

यस्तै, निकट भविष्यमा नै बङ्गलादेशमा 'टोकन'का रूपमा ४० मेगावाट बिजुली निर्यात गर्न लागिएको छ । उक्त योजनामा आन्तरिकरूपमा आवश्यकपर्ने बिजुलीको मात्रा उल्लेख गरिएको छ। सन् २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत एक हजार पाँच सय युनिट बराबर पुऱ्याउने लक्ष्य राखिएको छ । हाल प्रतिव्यक्ति खपत तीन सय ८० युनिट बराबर छ।

यस्तै, भारत र बङ्गलादेश निर्यात गर्न सकिने बिजुलीको मात्रा एवं लगानीका विभिन्न स्रोतसमेत स्पष्टरूपमा उल्लेख गरिनेछ । मन्त्रिपरिषद्मा नै सो कार्ययोजना पेस गरेर व्यापक छलफलपछि पारित गर्ने र साझा योजनाका साथ अगाडि बढाउने सरकारको लक्ष्य रहेको छ।



यस्तै, नीतिगत सुधार, प्राविधिक जनशक्ति एवम् सूचना प्रविधिको प्रयोगलगायतका विषयलाई पनि उत्तिकै महत्व दिइएको छ । वन क्षेत्रको जग्गा प्रयोग, जग्गा प्राप्तिमा रहेको समस्या समाधान, निजी क्षेत्रसँगको सहकार्य एवम् स्वदेशी तथा विदेशी लगानीका लागि दातृ निकायबाट ल्याइने लगानीका स्रोत पनि उल्लेख गरिनेछ।

आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा रहेको ऊर्जा क्षेत्रको विकासलाई सरकारले प्रमुख प्राथमिकता दिएको सन्दर्भमा १२ वर्षे रणनीतिक योजना तयार गर्न लागिएको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को पछिल्लो भारत भ्रमणका क्रममा १० वर्षमा १० हजार मेगावाट बिजुली भारत निर्यात गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीमा दुई देशका उच्च अधिकारीले छिट्टै अन्तिम हस्ताक्षर गर्ने तयारी गरेका छन् । रासस

# सामाजिक सद्भाव खल्बल्याउनेविरुद्ध सचेत रहनुपर्छ : उपप्रधानमन्त्री खड्का

काठमाण्डु । उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले केही समययता विभिन्न बाहनामा मिलेर बसेको नेपाली समाजको सामाजिक सद्भाव खल्बल्याउने गलत प्रवृत्ति देखा परेको भन्दै यस्तो प्रवृत्तिबाट सबै सचेत रहनुपर्ने बताउनुभएको छ । चाँगुनारायण नगरपालिका-५ को नवनिर्मित वडा कार्यालय भवन र स्वास्थ्य चौकी भवनको शुक्रबार



उद्घाटन गर्दै उपप्रधानमन्त्री खड्काले देशलाई सामाजिक एवं राष्ट्रिय एकताको एउटै सुत्रमा बाँधेर अगाडि लैजानु जरुरी रहेको स्पष्ट पार्नुभयो।

सदियौँदेखि देशमा विभिन्न भूगोल र समाजमा विभिन्न जातजाति, भाषाभाषी, वर्ग, धर्म, सांस्कृतिक परम्परा एकतामा बाँधिएको उल्लेख गर्दै उहाँले यस्तो एकता खलबल्याउने, समाज भाँड्ने काम कहींकतैबाट हुनु नहुनेमा जोड दिनुभयो। "देशमा सबै जातजाति, भाषाभाषी, कला, संस्कृति, धर्म, भूगोल, सबै नेपालीबीच सदियौँदेखि एकताबद्ध छ, कुनै जातजाति, भाषा, धर्म, संस्कृति, वर्गको नाममा द्वन्द्व छैन," उपप्रधानमन्त्री खड्काले भन्नुभयो, "यो वा त्यो बहानामा जातीय तथा साम्प्रदायिक द्वन्द्वको सृजनालाई प्रश्रय दिने काम भइरहेको छ, त्यसतर्फ सबै सचेत भएर एकताको बलमा देशको सार्वभौमिकता, अखण्डतालाई कायमै राख्दै जनताको विकासको आकाङ्क्षालाई पूरा गर्न एक भएर लाग्नुपर्छ।"

सङ्घ, प्रदेश र स्थानीय तहको सरकार मिलेर राष्ट्रिय एकतालाई कायम राख्दै विकासको अभियानलाई पूरा गर्न सरकार, जनप्रतिनिधि र जनता एकताबद्ध भएर अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो। विकासका लागि विभिन्न तहका सरकारबाट बजेटको समन्वय गरेर आवश्यकताको पहिचान गरी एउटै आयोजनामा दोहोरो बजेट नपर्ने गरी व्यवस्थित रूपमा विकासका योजना अगाडि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो । जनप्रतिनिधिलाई कुनै पनि किसिमको लोभबाट मुक्त हुन निर्देशन दिँदै उपप्रधानमन्त्री खड्काले भन्नुभयो, "तपाईंहरू सबै लोभ र मोहबाट मुक्त हुनुहोस्, लोभ र मोहबाट मुक्त हुन सके डरमुक्त हुन्छ, भयमुक्त हुन्छ, तब देशमा भ्रष्टाचार नियन्त्रण हुन्छ र सुशासन आउँछ, त्यसैले यो अभियानमा हिँड्नुपर्छ ।"देशको अर्थतन्त्र अहिले ऋणात्मक अवस्थामा रहेको भन्दै उहाँले सरकारले चाहेको जति बजेट छुट्याउन सक्ने अवस्था नरहेको पनि स्पष्ट पार्नुभयो । उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बजेट सुधारका लागि लागिरहनु भएको बताउँदै सरकारको ध्यान आर्थिक उन्नति भएको पनि स्पष्ट पार्नुभयो।

उपप्रधानमन्त्री खड्काले भन्नुभयो, "जनताको ७० वर्षदेखिको त्याग र बलिदानबाट आजको उपलब्धि हासिल भएको हो । जनताकै मतबाट निर्वाचित भएर हामी आएका हौं भन्ने भुल्नु हुँदैन ।"उहाँले छालिङ जाने सडकका विस्तारदेखि स्मार्ट सिटी निर्माणको निर्णय नहुँदा जनतामा परेको समस्याका बारेमा सम्बन्धित निकायसँग छलफल गरी समस्याका निकास निकाल्न पहल गर्ने बताउनुभयो।

सांसद एवं नेपाली कांग्रेसका जिल्ला सभापति दुर्लभ थापाले समृद्ध नेपाल बनाउने सङ्कल्पका साथ अगाडि बढेको बताउँदै यहाँको सडक निर्माणलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले शिक्षा, स्वास्थ्य र रोजगारीलाई पहिलो प्राथमिकता र त्यसपछि सडकलाई प्राथमिकतामा राखेर जानुपर्ने औंल्याउँदै यहाँको सडकको दुरावस्थाले कहाँ जाँदैछौं भनेर अन्योल बनाएको टिप्पणी गर्नुभयो । सांसद थापाले भन्नुभयो, "आगामी चार वर्षभित्र यहाँको मात्रै होइन चाँगुको सबै बाटोले पूर्णता पाओस्, भत्केको पाटी नगरकोटले छिट्टै पूर्णता पाओस्, देकोचा चाँगुनारायण, साँखु सडक, खरिपाटी ब्यारेक मत्स्यनारायण सडकले छिटो पूर्णता पाउनुपर्छ।" उहाँले देशको आर्थिक स्थिति मजबुद बनाएर विकास अगाडि बढाउने प्रतिबद्धता सबै क्षेत्रबाट हुनुपर्नेमा जोड दिनुभयो।रासस

# शक्तिशाली पार्टी बनाउन युवा कांग्रेसको गठन आवश्यक छ : नेता महर

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले युवा कांग्रेस गठनको आवश्यकता औंल्याउनुभएको छ।

काठमाडौंमा आयोजित नेपाल विद्यार्थी सङ्घ र तरुणदलका नेताहरूसँग आज भएको छलफलमा उहाँले युवा कांग्रेस आजको आवश्यकता भएको धारणा राख्नुभयो । "पार्टीका भ्रातृ संगठनलाई पूर्णता दिनुका साथै युवा कांग्रेस गठन समेत आजको आवश्यकता बनेको छ । पार्टीले एउटा नयाँ भ्रातृ संस्था गठन गर्नुपर्छ। जुन जनताको आकर्षणको केन्द्र बन्न सकोस", उहाँले भन्नुभयो।

युवा कांग्रेसलाई भ्रातृ संगठनको राजनीतिबाट बाहिरिएका र विभिन्न वर्ग, पेशा र दलबाट कांग्रेसका काम गर्न चाहना राखेर नेताका लागि पाठशालाका रूपमा विकास गर्न सकिने उहाँको भनाइ छ। पार्टी र सरकार सञ्चालनको सैद्धान्तिक र व्यवहारिक सीप सिकाउने थलोका रूपमा युवा कांग्रेस बनाउन सकिने उहाँको अवधारणा छ। "पार्टीको महासमिति र महाधिवेशनमा पनि मैले यो मुद्दा उठाएको थिएँ । अहिले यसको सान्दर्भिकता झनै बढ्दै गएको छ। रासस

**भुमिसुधार तथा मालपोत कार्यालय धनुषाको**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

जिल्ला धनुषा गा.वि.स. बल्हा सघारा वार्ड नं. ३ हाल कमला न.पा. वडा नं. ४ मा बस्ने जगरुपको छोरा हिया चमारको नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेखित जग्गा सम्मानित धनुषा जिल्ला अदालतको च.नं. ७९/३६/०९१५१ मिति २०८०/०३/०४ गतेको जग्गा दा.खा. गरि दिने सम्बन्धमा लेखि आएको पत्रानुसार जि.ध. कनकपट्टी वार्ड नं. ४ हाल जनकपुर उप-म.न.पा. वडा नं. १७ मा बस्ने विन्देश्वर साह सुडीको छोरा सुजित कुमार साहले धनुषा जिल्ला अदालतको दा.खा. पत्रानुसार दा.खा. गरी पाउँ भनि दिनु भएका माग निवेदनमा मोठ शाखाबाट हिया चमारको नाउँमा दावीको जग्गा मोठमा श्रेस्तामा २०६२/०९/०३ र मिति २०७५/१०/१८ मा दा.खा. मोठ भिडेको छ भनि उल्लेख भै आएको। यसमा श्री सम्मानित धनुषा जिल्ला अदालतको पत्रानुसार दा.खा. माग गरेको निवेदक सुजित कुमार साहको नाउँमा हुनु नपर्ने कुनै कारण भए वा मिति २०६२/०९/०३ गते र २०७५/१०/१८ गते को दा.खा. गरी पाउँ भनी दिनु भएको निवेदकहरुको दा.खा. निवेदन मिसिल समेत फेला नपरेकोले मिति २०८०/०५/०८ गतेका आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ अतः यो सूचना प्रकाशित मितिले ३५ पैतिस दिन भित्र आफु सँग भएको सवुत प्रमाण लिई उपरोक्त उल्लेखित दा.खा. निवेदन माथिको उजुरी दावी लिई म्याद भित्र आउनु होला म्याद भित्र दावी उजुरी नपरे कानून बमोजिम निवेदकको नाउँमा दा.खा. भै जाने व्यहोरा सबैमा यसै द्वारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वार्ड | कि.नं. | क्षे.फ. | कै. |
|---|---|---|---|---|---|
| धनुषा | बल्हा सघारा | ४ | ३१६ | ०-३-३-०<br>०-१-१-०<br>०-२-२-० | मध्ये पश्चिम तर्फबाट सुजित कुमार साह बाकी हिया चमार |

**भुमिसुधार तथा मालपोत कार्यालय धनुषाको**

**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

जिल्ला धनुषा रघुनाथपुर वार्ड नं. ३ हाल सबैला न.पा. वडा नं. १३ बस्ने जोखन ठाकुरको छोरा सुनदर ठाकुर हजामको आफ्नो कालगतिले मृत्यु भै हकखाने २ दुई श्रीमती जेठी जानकी देवीको पनि आफ्नो कालगतिले मृत्यु भै हकखाने २ दुई श्रीमती जेठी जानकी देवीको पनि कालगतिले मृत्यु भै हकखाने छोरी तथा कुनै सन्तानको जायजन्म नभएको र कान्छी श्रीमती मरनी देवीको पनि मृत्यु भै निजबाट पनि छोरा तथा छोरीको जायजन्म नभई निज पनि निसन्तान रहेकोले निजहरुको पति सून्दर ठाकुर हजामको नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेख भएको जग्गाको हकभोग खाने सबभन्दा नजिकको हकदार जग्गाधनीको दाजु पट्टीको नाती नाता पर्ने असर्फी ठाकुरको छोराहरु योगेन्द्र ठाकुर हजाम, लक्ष्मेश्वर ठाकुर हजाम र विन्देश्वर ठाकुर हजाम समेत ३ जना वाहेक अन्य कोही हकदार नरहेकोले हामीहरुको नाउँमा संयुक्त नामसारी गरी पाउँ भनी माग निवेदन भएको र सोही अनुसार को सबैला नगरपालिका १३ नं. वडा कार्यालयको च.नं. ६२७ मिति २०७९/१०/१३ गतेको वडा मुचुल्का सहितको सिफारित भै आएको र सोही अनुसार को सनाखत भएको।

यसमा जग्गा धनी मृत्यु पश्चात हकखाने यी निवेदकहरु वाहे अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदकहरु को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई दावी उजुरी गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भए पछि कानून बमोजिम मु.दे.स. २०७४ को परिच्छेद ११को दाफा २३९(१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वार्ड | कि.नं. | क्षे.फ. | कै. |
|---|---|---|---|---|---|
| धनुषा | लवटोली | ९ | ९घ | ०-३-३-० | |
| धनुषा | रघुनाथपुर | १ग | ९३ | ०-५-१६-० | |

# पूर्वराष्ट्रपति ट्रम्पद्वारा आत्मसमर्पण दुई लाख धरौटीमा रिहा

**एएफपी**

एटलान्टा । अघिल्लो राष्ट्रपतीय निर्वाचनमा षड्यन्त्र र ठगीको आरोप लागेका अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिणी राज्य जर्जियाको एक जेलमा फुल्टन काउन्टीस्थित जेलमा आत्मसमर्पण गर्नुभएको छ । फुल्टन काउन्टी जेलमा ३० मिनेटभन्दा कम समय बिताउनुभएका उहाँ दुई लाख डलर धरौटी बुझाएर रिहा हुनुभएको छ ।

जेलका अधिकारीले लागूऔषध कारोबार, तस्करी, मदिराले मातेर सवारी हाक्ने चालकलगायत अन्य फौजदारी अभियोग लागेकाहरूको औँठाछाप र टाउकोसहित अनुहारको तस्बिर लिइने कानुनी प्रक्रियाअनुरुप अमेरिकाको इतिहासमा पहिलोपटक पूर्वराष्ट्रपतिको पनि तिनै अभियुक्तको झै फोटो लिएर भएको छ । यो लज्जास्पद क्षण अमेरिकाका लागि दुःखद भएको दक्षिणी क्यालिफोर्निया विश्वविद्यालय एनेनबर्ग स्कूल अफ कम्युनिकेसन्सका प्राध्यापक मार्टी कपलान बताउँछिन् । भविष्यमा इतिहासका पुस्तकहरूमा पूर्वराष्ट्रपति ट्रम्पको त्यो आपराधिक छवि स्थायी तस्बिर भएर रहने उनले टिप्पणी गरिन् ।

कानुन कार्यान्वयन गर्ने फुल्टन काउन्टी कार्यालयले अपराधको आरोप लागेका एक सामान्य नागरिकका रुपमा सार्वजनिक गरेको पूर्वराष्ट्रपतिको तस्बिरमा उहाँ निक्कै रिसाएको देखिनुहुन्छ । हल्का खैरो पृष्ठभूमिमा खिचिएको तस्बिरमा उहाँले नीलो सुट, सेतो शर्ट र रातो टाई लगाउनुभएको छ। उहाँको काँधको ठ्याक्कै माथि शेरिफको प्रतीक चिह्न पनि देखिन्छ। सतहत्तर वर्षीय पूर्वराष्ट्रपतिले आफू दोषी नरहेको दाबी गर्नुभएको छ । यद्यपि उहाँमाथि जर्जियामा जो बाइडेनले पाएको मतपरिणाम उल्ट्याउने प्रयास गरेको आरोप लगाइएको छ ।



उक्त कार्यालयले जारी गरेको तस्बिर आफ्नो सामाजिक सञ्जाल र चुनावी अभियान वेबसाइटमा पोस्ट गर्दै उहाँले आफूले केही गलत नगरेको र आफूमाथि निराधार आरोप लगाइएको उल्लेख गर्नुभएको छ । राजनीतिबाट प्रेरित भएर आफ्नो आगामी निर्वाचन बिथोल्न आफूमाथि अभियोग लगाइएको उहाँले दाबी गर्नुभएको छ ।

अर्बपति व्यापारी ट्रम्पलाई गत अप्रिलदेखि यता चार पटक आपराधिक अभियोग लगाइएको छ तर उहाँ आगामी वर्ष सन् २०२४ मा हुने राष्ट्रपति निर्वाचनमा भाग लिने दृढ निश्चयका साथ अघि बढ्नुभएको छ । जर्जियामा उहाँमाथि जालसाजी गरेको, सरकारी अधिकारीलाई झुठा बयान दिन अभिप्रेरित गरेकोलगायत चार वटा मुद्दा दायर गरिएको छ ।

यसअघि उहाँमाथि वयस्क चलचित्रकी नायिका स्टोर्मी डेनियलसँगको यौन सम्बन्ध, त्यसलाई सार्वजनिक नगर्न निजलाइ भुक्तान गरिएको ठूलो रकम, आफ्नो निजी निवासमा गोप्य सरकारी कागजात राखेको र ती कागजात सरकारलाई फिर्ता गर्न अस्वीकार गरेको तथा संसद् भवनमा समर्थक परिचालन गरेर तोडफोड र आक्रमण गराएको अभियोग लगाइएको छ ।

यसअघि उहाँमाथि वयस्क चलचित्रकी नायिका स्टोर्मी डेनियलसँगको यौन सम्बन्ध, त्यसलाई सार्वजनिक नगर्न निजलाई भुक्तान गरिएको ठूलो रकम, आफ्नो निजी निवासमा गोप्य सरकारी कागजात राखेको र सरकारलाई फिर्ता गर्न अस्वीकार गरेको तथा संसद् भवनमा समर्थक परिचालन गरेर तोडफोड र आक्रमण गराएको अभियोग लगाइएको छ ।

सन् २०२० को जनवरी छ तारिखमा अमेरिकी संसद् क्यापिटल हिलमा भएको आक्रमणमा सात जनाको मृत्यु हुनका साथै संसद्, महानगर र स्थानीय सुरक्षा निकायका एक सय ५० जना सुरक्षाकर्मी घाइते भएका थिए। त्यहाँ ट्रम्पले परिचालन गरेको भीडले अन्धाधुन्ध आक्रमण गरेको आरोप छ ।

# महिला टी-२० सिरिजमा नेपाल र हङकङ फाइनलमा भिड्ने

काठमाण्डु । समूह चरणको आजको खेलमा खेलमा मलेसियासित पराजित भए पनि नेपाल फाइनलमा पुग्न सफल भएको छ । चार देश सम्मिलित महिला टी-ट्वान्टी सिरिजको फाइनलमा अब नेपाल र हङकङ भिड्ने भएका छन् । फाइनल खेल शनिबार हुने छ । समूह चरणका खेल सकिँदा नेपाल, हङकङ र मलेसियाको समान चार/चार अङ्क भए पनि नेपाल र हङकङ रनरेटका आधारमा फाइनलमा प्रवेश गरेका हुन् । तीनै टोली समूह चरणका दुई दुई खेलमा विजयी भएका थिए ।




मलेसियाको राजधानी क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा नेपालले टस हारेपछि आज पहिला ब्याटिङ गरेको हो । मलेसियाविरुद्धको खेलमा नेपालले जितका लागि ८४ रनको लक्ष्य प्रस्तुत गरेको थियो । वर्षाका कारण १८ ओभरमा सीमित गरिएको खेलमा नेपालले सात विकेटको क्षतिमा ८३ रन बनायो । मलेसियाले ८४ रनको विजय लक्ष्य १६ दशमलव दुई ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । मलेसियाका लागि अइना हसिमले अविजित ३७ तथा इजाती इम्माइलले २१ रन बनाइन् । बलिङतर्फ नेपालका लागि पूजा महतो, रुबिना क्षेत्री बेलबासे र सीता राना मगरले एक एक विकेट लिइन् ।

यसअघि नेपालका लागि ब्याटिङ गर्दै कप्तान रुबिना क्षेत्री बेलबासेले २३, इन्दु बर्माले २० तथा काजल श्रेष्ठले १८ रनको योगदान दिइन् । अरु खेलाडीले सम्झिनलायक ब्याटिङ गर्न सकेनन् ।

नेपालले समूह चरणको पहिलो खेलमा हङकङलाई ६ विकेटले तथा दोस्रो खेलमा कुवेतलाई ३४ रनले पराजित गरेको थियो । यस्तै मलेसिया पहिलो खेलमा हङकङसित १० विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा मलेसियाले कुवेतलाई आठ विकेटले पराजित गरेको थियो ।

आयोजक मलेसियासहित नेपाल, हङकङ र कुवेतले महिला टी-ट्वान्टी सिरिज खेलिरहेका छन् । यही अगष्ट ३१ तारिखदेखि मलेसियामै हुने आइसिसी महिला टी-२० विश्वकप एसिया क्वालिफायरको तयारीस्वरुप नेपालले उक्त सिरिज खेलिरहेको छ ।

# रुस, भारत र चीन लगायतका ब्रिक्स राष्ट्रहरु अमेरिकाको प्रभुत्व अन्त्य गर्न चाहन्छन् ?




**बीबीसी**

नयाँ दिल्ली । पाँच राष्ट्रको गठबन्धन ब्रिक्सको सदस्य संख्या अब ११ हुनेछ। अर्जेन्टिना, इजिप्ट, इरान, इथियोपिया, साउदी अरब र संयुक्त अरब इमिरेट्सले अर्को वर्ष जनवरीमा ब्रिक्सको सदस्यता पाउनेछन्। चिनियाँ राष्ट्रपति सी जिनपिङले यो विस्तारलाई 'ऐतिहासिक' भनेका छन्। तर प्रश्न यो छ कि यी देशहरूको साझा हितलाई कुन हदसम्म विस्तार गर्ने हो।

"ब्रिक्सको विस्तारले विश्वमा शान्ति र विकासलाई अझ बलियो बनाउनेछ," सी जिनपिङले जोहानेसबर्गमा उपस्थित विश्व नेताहरूलाई भने। ब्रिक्स देशका संस्थापक सदस्य राष्ट्रहरुमा ब्राजिल, रुस, भारत र चीन पर्दछन् । पछि दक्षिण अफ्रिका पनि यसमा थपियो । यी सबै देशहरू पश्चिमी देशहरूको नेतृत्वमा विश्व व्यवस्थाको जवाफ मानिन्छन्। चीनले यस विश्व प्रणालीमा पश्चिमी देशहरूको वर्चस्व तोड्न सक्दो प्रयास गरिरहेको छ।

### अमेरिका र युरोप

लन्डनस्थित सोआस चाइना इन्स्टिच्युटका निर्देशक स्टिभ सङ भन्छन् कि ब्रिक्स देशहरू जमिनमा धेरै समान छैनन्। तर सी जिनपिङले सदस्य राष्ट्रहरूलाई सबै देश साझा भविष्य खोजिरहेका छन् भनी देखाउन खोजिरहेका छन्। पश्चिमा राष्ट्रको प्रभुत्व भएको संसारमा कोही पनि बस्न चाहँदैनन् । प्रोफेसर गीत भन्छन्, "चीनले वैकल्पिक संसारको प्रस्ताव गरिरहेको छ जसमा अधिनायकवादी शासकहरूले आफ्नो देशमा सुरक्षित महसुस गर्छन्।" उनी भन्छन्, "यी देशहरूले लोकतान्त्रिक देश अमेरिका र युरोपेली शक्तिहरूको अवस्थालाई स्वीकार नगरी विकासको वैकल्पिक दिशा खोज्न सक्छन्।"

### नयाँ साझेदारी

ब्रिक्समा नयाँ देशहरूलाई स्वागत गर्दा आयोजक दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाको खुसी प्रस्टै देखिन्थ्यो। रामाफोसाले भने, "हामी ब्रिक्ससँग साझेदारी गर्ने देशहरूको हितको पूर्ण ख्याल राख्छौं।" उनले भविष्यमा धेरै देशहरू ब्रिक्सको सदस्य बन्ने बताए। कोर सदस्य राष्ट्रहरूले यसका लागि मापदण्ड तय गर्नेछन् र त्यसपछि नयाँ सदस्यहरूलाई प्रवेश दिइनेछ।

तर यसपटक कति राष्ट्रलाई सदस्य बनाउने र त्यसका लागि कति समय लाग्ने भन्ने विषयमा मतभेद देखिएको छ । यसअघि यसमा पाँच नयाँ सदस्य थपिने बताइएको थियो । तर यसपछि ब्रिक्स नेताहरुको पत्रकार सम्मेलन आयोजना भएपनि अन्तिम समयमा स्थगित भएको थियो ।

### अचानक निर्णय

ब्राजिलका राष्ट्रपति लुइस इनास्यु लुला दा सिल्भा रात्रिभोजमा सहभागी भएनन्। यसको कारण हामीलाई थाहा छैन तर उनी पश्चिमा देशसँगको सम्बन्धमा धेरै सचेत छन् । यसका साथै नयाँ सदस्य चयनका विषयमा पनि उनको आफ्नै छनोट छ । बुधवार बिहान पत्रकार सम्मेलन गर्न पत्रकारहरुलाई सल्लाह दिइएको थियो । तर यो पनि दुई घण्टा पछि भयो। नयाँ सदस्य समावेश गर्ने विषयमा अन्तिम समयसम्म वार्ता चलिरहेको सङ्केत थियो । त्यसपछि अचानक छैटौं राष्ट्रलाई सदस्य बनाउने निर्णय भएको हो ।

### रूसको मनोवृत्ति

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेनमा कथित युद्ध अपराधको आरोपमा पक्राउ पर्ने डरले घरबाटै भिडियो लिङ्क मार्फत शिखर सम्मेलनमा सामेल भए। सम्बोधनमा उनले फेरि एकपटक पश्चिमा मुलुकलाई निशाना बनाएर उनीहरुको 'नव उदारवाद'ले विकासोन्मुख मुलुकका परम्परागत मूल्यमान्यतालाई खतरामा पारेको बताए। "एकै समयमा, यो बहुध्रुवीय विश्व व्यवस्थाको लागि पनि चुनौती हो, जसमा कुनै पनि देश वा ब्लक प्रभुत्वको शिकार हुनु पर्दैन।" भन्नै पर्दैन, उनको निशाना अमेरिका थियो। अमेरिका नभएकाले धेरै सन्दर्भमा चर्चा भयो ।

### अमेरिकी प्रतिक्रिया

तर, अमेरिकाका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले ब्रिक्सको विस्तार योजनालाई खासै महत्व दिएनन् । उनले धेरै महत्त्वपूर्ण विषयमा ब्रिक्स देशको फरक धारणा रहेको बताए। उनले भने, "विभिन्नताका कारण यी देशहरूले अमेरिकाविरुद्ध कुनै भूराजनीतिक प्रतिद्वन्द्वी उभिने सम्भावना देख्दैनन्।" तिनीहरू पनि सही साबित हुन सक्छ।

वाशिंगटनको क्विन्सी इन्स्टिच्युटको ग्लोबल साउथ कार्यक्रमका निर्देशक सारंग शिदोरे भन्छन् कि छ नयाँ सदस्य बनाइएका मध्ये कुनै पनि अमेरिकी विरोधीको रूपमा हेरिएको छैन। उनले बीबीसीलाई भने, "मलाई लाग्छ यो सन्देश एकदम स्पष्ट छ कि यी फरक देशहरू हुन्। तिनीहरूमध्ये कुनै पनि अमेरिकाको नजिकका सहयोगीहरू होइनन् र औपचारिक रूपमा गठबन्धन साझेदारहरू होइनन्। यीमध्ये दुई वा तीन अमेरिकाको विरोध हुन सक्छन्। तर व्यापक रूपमा भन्नुपर्दा, यो। अमेरिका विरोधी देशहरूको समूह होइन।

### अमेरिकाले सबै नियम बनाउन सक्दैन

यी सबै पक्षहरूको बावजुद ब्रिक्सको विस्तार परिवर्तनको सङ्केत हो। शिदोरे भन्छन्, "अहिले संसार यस्तो छैन कि अमेरिकाले सबै नियम बनाउछ। वा सबै संस्थाको नेतृत्व गर्छ। यसमा प्रश्न उठ्दैन।"

### अमेरिकाको ठाउँमा अरू कोही आउला ?

उनी भन्छन्, 'वास्तवमा नयाँ विश्व व्यवस्थामा खेलाडी बदल्नुको सट्टा उनलाई पूरकको खोजी भइरहेको छ । त्यसैले यो एउटा समूह (ब्रिक्स) हो जसमा संलग्न देशहरूले आफूहरू एकअर्काको विचारलाई सम्मान गर्ने बताउँछन्। वास्तवमा यो एक किसिमको कूटनीतिक जमघट थियो, जसमा केही लिइयो र दिइयो। पुटिनलाई गिरफ्तार गर्ने कुनै सम्भावना थिएन ।आजको आधुनिक प्रविधिका कारण उनले भिडियो कन्फरेन्समार्फत ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन पाए । तर, ब्रिक्स सम्मेलनमा चीनले सदस्यता विस्तार गर्न सफल भयो । ब्राजिलले साझा मुद्रालाई गम्भीरतापूर्वक लिनको लागि गम्भीर प्रयासहरू देखाएको छ। भारतले अमेरिकासँगको सम्बन्ध सन्तुलनमा राखेको देखियो । र दक्षिण अफ्रिका यसलाई सफलतापूर्वक आयोजना गर्न सफल भयो।

# स्वदेश फिर्तीको माग गर्दै बङ्गलादेशमा रोहिङ्ग्या शरणार्थीको जुलुस

**एएफपी**

बङ्गलादेश । सुरक्षितरुपमा स्वदेश फिर्तीको माग गर्दै बङ्गलादेशमा शरणार्थी जीवन बिताइरहेका रोहिङ्ग्या शरणार्थीले जुलुस निकालेर विरोधप्रदर्शन गरेका छन् ।

हजारौं रोहिङ्ग्या शरणार्थीले आफूहरूमाथि भएको अमानवीय हिंसाको छैटौं वार्षिकीमा आज बङ्गलादेशका विभिन्न शिविरमा विरोधप्रदर्शन गरेका हुन् । बङ्गलादेशले राज्यविहीन अल्पसङ्ख्यकका १० लाख रोहिङ्ग्यालाई शरण दिएको छ । सन् २०१७ मा म्यान्मामा भएको सैनिक कारवाहीबाट भागेका शरणार्थीले अन्तरराष्ट्रिय फौजदारी अदालतले नरसंहारका दोषीलाई कारवाही गर्नुपर्ने माग पनि गरेका छन् । उक्त अदालतले म्यान्माले गरेका अपराधको अनुसन्धानको अध्ययन गरिरहेको छ ।

शरणार्थी बस्तीहरूमा व्यापक अराजकता छाएको छभने अन्तरराष्ट्रिय मानवीय सहायता पनि कटौती भएको छ । शरणार्थीलाई स्वदेश फर्काउने सहमति नहुँदा उनीहरूमा चरम निराशा छाएको छ । बजेट कटौतीले राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम पर्याप्त खाद्यान्न उपलब्ध गराउन सकेको छैन । प्रति महिना एक जना शरणार्थीलाई रु एक हजार बराबरको खाद्य सहयोग उपलब्ध भएको छ ।

"हामी म्यान्मा फिर्तीको माग गर्छौं, हाम्रो यो माग नयाँ होइन, हामी म्यान्माका नागरिक थियौँ र हौँ। उनीहरू बिस्तारै म्यान्माको इतिहासबाट हाम्रो नाम मेटाउन खोजिरहेका छन्," रोहिङ्ग्या समुदायका नेता कमल हुसेनले एएफपीलाई भनेका छन् । शरणार्थी शिविरको सुरक्षामा खटिएका एक जना सुरक्षा अधिकारीका अनुसार वर्षाका बावजुद करिब दश हजार शरणार्थी विरोधप्रदर्शनमा सहभागी भएका थिए ।

विश्वको सबैभन्दा ठूलो शरणार्थी समस्या बनेको रोहिङ्ग्या शिविरहरूमा मानवीय अवस्था बिग्रँदै गएको छ । बेलाबेलामा शिविरमा हुने झडपमा महिला र बालबालिकासहित दर्जनौं मारिएका छन् ।

बङ्गलादेश र म्यान्माले रोहिङ्ग्याहरूलाई घर फर्काउने योजनामा काम गरिरहेका बताइए पनि मावनअधिकारवादी समूहले उनीहरूको स्वदेश फिर्ती सुरक्षित नभएको भन्दै चिन्ता व्यक्त गरेका छन् । शरणार्थीसम्बन्धी आयुक्तको कार्यालयले म्यान्माका अधिकारीसँग छलफल जारी रहेको बताएको छ ।

# सुदूरपश्चिम पृतनापति प्रतियोगितामा बक्सिङमा देवीदल गण पहिलो



महेन्द्रनगर । नेपाली सेनाको सुदूरपश्चिम पृतना स्तरीय प्रतियोगितामा बक्सिङतर्फ देवी दल गण तेघरी ब्यारेक पहिलो भएको छ। देवी दल गणले सात स्वर्ण, छ रजत र दुई कास्य पदक प्राप्त गऱ्यो ।

कञ्चनपुरको महेन्द्रनगरस्थित श्री नं २५ बाहिनी अड्डा भगतपुर ब्यारेकअन्तर्गत रहेको श्रीदल गुल्मको संयोजनमा सम्पन्न पृतनापति प्रतियोगितामा बक्सिङतर्फ गोरखबक्स गण अछाम द्वितीय र भैरवप्रसाद गण डोटी तृतीय भए ।

द्वितीय भएको गोरखबक्स गणले पाँच स्वर्ण, चार रजत तथा तृतीय हुने भैरवप्रसाद गणले दुई स्वर्ण र एक कास्य हात पारेको श्रीदल गुल्म भगतपुर ब्यारेकले जनाएको छ ।

देवीदल गणका लागि सिपाही दीपेन्द्रबहादुर जोशी, कुमार श्रेष्ठ, प्युठ सुधा कसेरा, सिपाही रमिता महता, धना बडाल, पावर्ती थापा र पूजा खड्काले स्वण पदक दिलाए भने दोस्रो स्थान ओगटेको गोरखबक्सका लागि सिपाही नेत्रबहादुर मास्के मगर, प्युठ अशोक शाही, सिपाही प्रकाश श्रेष्ठ, प्युठ वसन्त बिसी र विश्वास श्रेष्ठले स्वर्ण पदक जिते ।

त्यसैगरी तृतीय भएको भैरवप्रसाद गणका लागि प्युठ विजय महर्जन र सिपाही सविता चौधरीले स्वर्ण पदक प्राप्त गरेका छन् । वीर भद्रजङ्ग गुल्मका लागि हिमाल खड्काले स्वर्ण पदक दिलाए ।

प्रतियोगिताका पदक विजेता खेलाडीलाई सुदूरपश्चिम पृतनाका चिफ आफ स्टाफ सहायकरथी सुरत रावल, श्री नं २५ बाहिनी अड्डाका बाहिनीपति सहायकरथीमनोजथापालगायतले ट्रफी, मेडल र प्रमाणपत्रबाट पुरस्कृत गर्नुभयो । ट्रफीअन्तर्गत श्री नं ५ र २५ बाहिनीअन्तर्गत विभिन्न गण तथा गुल्मको संयोजनमा भलिबल, फुटबल, पौडी, बक्सिङ, बास्केटबललगायत खेल सञ्चालन भएका थिए ।

नेपाली सेनाले खेलाडीमा सामूहिकताको भावना ल्याउनुको साथै स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद तथा स्पोर्टस फोर फ्रेन्डसिप कुरालाई मनन गर्दै ट्रफी आयोजना गर्दै आएको छ । सुदूरपश्चिमबाट पृतनास्तरीय प्रतियोगिताबाट छनोट भएका विभिन्न खेलका खेलाडी प्रधानसेनापति ट्रफी प्रतियोगितामा भाग लिने नेपाली सेनाले जनाएको छ। रासस

# 'बहुपक्षीयताको संरक्षणमा ब्रिक्सको भूमिका महत्वपूर्ण'

**एएफपी**

बेइजिङ । बिहीबार दक्षिण अफ्रिकामा सम्पन्न भएको ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सदस्य रहेको १५औं ब्रिक्स शिखर सम्मेलनले ब्रिक्स संयन्त्रको गतिशीलता, बहुपक्षीय मञ्चको विकासको प्रवर्द्धन, बहुपक्षीयताको संरक्षण र विश्वव्यापी शासन सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बहुपक्षीयताका जानकारहरूले बताएका छन् ।

सङ्गठनको ऐतिहासिक विस्तारका क्रममा अर्जेन्टिना, इजिप्ट, इथियोपिया, इरान, साउदी अरब र संयुक्त अरब इमिरेट्स थपिएपछि ब्रिक्स सहयोग संयन्त्रमा जीवन्त, विश्व शान्ति र विकासका लागि सहयोगी हुने धारणा उनीहरूले व्यक्त गरेका छन् । नयाँ सदस्य देश आगामी जनवरी १ देखि पूर्ण सदस्य बन्नेछन् र तिनले सङ्गठनमा नयाँ ऊर्जा प्रवाह गर्ने उनीहरूको अपेक्षा छ ।

विश्व अर्थतन्त्रले गति लिन नसकेको कठिन समयको पृष्ठभूमि तथा कोभिड-१९ महामारीको गम्भीर चुनौतीलाई पन्छाउँदै पहिलोपटक भौतिकरूपमा भएको १५औं शिखर सम्मेलनले ब्रिक्स देशबीचको ऐक्यबद्धता र सहयोगलाई बढाएको छ ।


वर्तमान अन्तरराष्ट्रिय परिदृश्यलाई आकार दिन, न्यायपूर्ण, समतामूलक विश्व व्यवस्था निर्माणका निम्ति सकारात्मक भूमिका निर्वाह गर्ने सामर्थ्य भएको ब्रिक्सले विश्व जनसङ्ख्याको ४२ प्रतिशत र विश्वव्यापी कुल गार्हस्थ्य उत्पादनको एक चौथाई भाग ओगटेको छ । साङ्घाइमा रहेको नयाँ विकास बैंक र आकस्मिक कोष प्रवाहको व्यवस्थाले ब्रिक्स संयन्त्रअन्तर्गत फलदायी एवम् व्यावहारिक सहयोगको बढाउन सहज हुनेछ ।

> अहिलेको बढ्दो जटिल अन्तरराष्ट्रिय परिवेशमा, विस्तारित ब्रिक्स समूहले साझा वृद्धिलाई प्रवर्द्धन गर्न, बहुपक्षीयताको रक्षा गर्न, अधिक न्यायपूर्ण र समतामूलक विश्वव्यापी शासनका साथै बहुध्रुवीय विश्वमा योगदान पुऱ्याउन ठूलो भूमिका खेल्ने अपेक्षा चीनले गरेको छ ।

खुलापन, समावेशीता र सबै पक्षलाई लाभ हुने सहयोगको भावनालाई समर्थन गर्दै ब्रिक्स संयन्त्रले उदीयमान अर्थतन्त्र र विकासशील देशलाई प्राथमिकतामा राखेको छ । सबै विकासशील देशको प्रतिनिधित्व गर्ने सहयोगी मञ्चलाई पारस्परिक एकताको माध्यमबाट अझ सबल एवम् सहयोगी बनाउनुपर्नेमा चिनियाँ राष्ट्रपति सी चिनफिङले जोड दिनुभएको छ ।

अनिश्चितताको भुँवरीबाट बाहिर निस्कन कठिन भएको वर्तमान विश्वमा ठूला परिवर्तन र विभाजन, अशान्ति, दीर्घकालीन सङ्क्रमण एवम् भगीरथ प्रयासपछि शान्त रूपान्तरण पनि भोगेको तर त्यो संसारभर अझै लागू हुन नसकेको अवस्थामा कतिपय विकासोन्मुख देशहरू संयुक्त राष्ट्रसङ्घीय दिगो विकासका लक्ष्य हासिल गर्न अक्षम हुने अवस्थामा छन् । ती देशको उन्नयनमा सघाउनु पनि ब्रिक्सको साझा दायित्व बनेको छ । शीतयुद्धको मानसिकतामा फसेका केही देशले हालैका वर्षमा आफ्नो वर्चस्व कायम राख्न विभाजन र द्वन्द्व सृजना गरेर वैमनस्यलाई बढावा दिएका बेला ब्रिक्सको महत्ता अझ बढेको छ ।

अहिलेको बढ्दो जटिल अन्तरराष्ट्रिय परिवेशमा, विस्तारित ब्रिक्स समूहले साझा वृद्धिलाई प्रवर्द्धन गर्न, बहुपक्षीयताको रक्षा गर्न, अधिक न्यायपूर्ण र समतामूलक विश्वव्यापी शासनका साथै बहुध्रुवीय विश्वमा योगदान पुऱ्याउन ठूलो भूमिका खेल्ने अपेक्षा चीनले गरेको छ । शान्ति र विकासका साथै समग्र विश्वका जनताको साझा आकाङ्क्षामा सघाउन तथा रणनीतिक साझेदारी अभिवृद्धि गर्न सम्मेलनमा चीनले आफ्नो पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ ।



१११ मेगावाट क्षमताको निर्माणाधीन रसुवागढी हाइड्रोपावरले विद्युत् गृहमा पानी लैजान भोटेकोसीमा बाँधेको बाँध । यो बाँधबाट प्रतिसेकेन्ड ८० घनमिटर पानी विद्युत् गृहमा लैजाने आयोजनाको तयारी छ। तस्बिरः रासस

# चार जलविद्युत् परियोजनाका लागि ३६ अर्ब ३७ करोड लगानी स्वीकृत

काठमाण्डु । लगानी बोर्डले चार जलविद्युत् परियोजनाका लागि रु ३६ अर्ब ३७ करोड बराबरको लगानी स्वीकृत गरेको छ । बोर्डका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा आज बसेको बैठकले रोल्वालिङ खोला, छुजुङ खोला, दाना खोला र सानीभेरी जलविद्युत् परियोजनाका लागि लगानी स्वीकृत गरेको हो ।

बैठकले तमोर जलाशययुक्त जलविद्युत् परियोजना कार्यान्वयन अघि बढाउने सम्बन्धमा हालसम्मको विकासक्रमको समीक्षा गर्दै परियोजनाको भावी कार्यदिशासम्बन्धी सुझाव पेस गर्न उच्चस्तरीय समिति गठन गर्ने निर्णय गरेको छ ।

दाङको राजपुर गाउँपालिकामा दुई सय ४५ मेगावाट र २० मेगावाट ब्याट्री क्षमताको सौर्य ऊर्जा परियोजना अध्ययनका लागि डोल्मा हिमालयन इनर्जीलाई अध्ययन अनुमतिपत्र दिने निर्णय पनि बैठकले गरेको छ । बाँकेको कोहलपुर र कपिलवस्तुको वाणगङ्गामा २५० मेगावाटको सौर्य ऊर्जा विकासका लागि अध्ययनकर्ता रिसेन इनर्जी कम्पनी लिमिटेडबाट पेस भएको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनलाई बोर्डले जानकारीमा लिएको छ ।

बोर्डले माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको सम्बन्धमा सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेश कार्यान्वयनका लागि मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेस गर्ने निर्णय गरेको छ । यसका अतिरिक्त, बोर्डको बैठकले रासायनिक मल कारखाना स्थापना सम्बन्धमा अध्ययनका लागि मलेसियास्थित कम्पनीसँग गरिने समझदारीको मस्यौदा स्वीकृत गरेको छ ।

बैठकमा प्रधानमन्त्री दाहालले आगामी दिनमा जलविद्युत् परियोजनाको लागत निर्धारण गर्दा 'ब्यांकेबल' (बैंकले लगानी गर्नसक्ने)हुने गरी थप अध्ययन/विश्लेषणगर्न,कार्यान्वयनमा रहेका परियोजना समयमा सम्पन्न गर्न आवश्यक समन्वय प्रगाढ बनाउन र लगानी स्वीकृति र परियोजना कार्यान्वयनमा रहेका प्रक्रियालाई छोट्याउँदै छिटोछरितो र परिणाममुखी कार्यसम्पादन गर्न सम्बन्धित सबै निकायलाई निर्देशन दिनुभयो। रासस

> बैठकमा प्रधानमन्त्री दाहालले आगामी दिनमा जलविद्युत् परियोजनाको लागत निर्धारण गर्दा "ब्यांकेबल" (बैंकले लगानी गर्नसक्ने)हुने गरी थप अध्ययन/विश्लेषण गर्न, कार्यान्वयनमा रहेका परियोजना समयमा सम्पन्न गर्न आवश्यक समन्वय प्रगाढ बनाउन र लगानी स्वीकृति र परियोजना कार्यान्वयनमा रहेका प्रक्रियालाई छोट्याउँदै छिटोछरितो र परिणाममुखी कार्यसम्पादन गर्न सम्बन्धित सबै निकायलाई निर्देशन दिनुभयो ।

# आइएमई पेको 'विकेट टु विन' अफर सार्वजनिक

टुडे समाचारदाता

काठमाण्डु । आइएमई पेले एसिया कप क्रिकेट २०२३ मा नेपालको सहभागिताको खुसीयाली मनाउँदै 'विकेट टु विन' अफर सार्वजनिक गरेको छ।




शुक्रबारदेखि भदौ १२ गतेसम्म (५ दिन) चल्ने सो अफरअन्तर्गत सेवाग्राहीले आइएमई पे मार्फत टेलिभिजनको बिल भुक्तानी गर्ने क्रममा एसिया कप प्रोमो कोडको प्रयोग गरी १५० रुपैयाँसम्म छुट प्राप्त गर्न सक्नेछन्।

साथै, यस अफरमा सहभागी हुने ग्राहकमध्ये भाग्यशाली एक जनाले डिशहोमको फाइबर नेटको एक वर्षको निःशुल्क सब्सक्रिप्सन पनि जित्ने कम्पनीले बताएको छ।

यो अफरले क्रिकेट प्रेमी दर्शकको उत्साहलाई थप ऊर्जा प्रदान गर्ने विश्वास लिएको आइएमई पे का सिइओ प्रवीण रेग्मीले बताए।

# ब्याजदर घट्दा थप घट्यो कर्जा लगानी

**टुडे समाचारदाता**

काठमाण्डु । भदौको लागि वाणिज्य बैंकहरूले कर्जामा लिने ब्याजदर औसत १.३७ प्रतिशतले घटेको छ। तर पनि बैंकहरूको कर्जा लगानी भने घटेको छ। शुक्रबारसम्म आधार दर सार्वजनिक गरेका १२ वाणिज्य बैंकहरूको आधार दर र उनीहरूको अधिकतम प्रिमियम दर हेर्दा कर्जाको औसत ब्याजदर १.३७ प्रतिशतले घटेको हो। यसअघि साउनमा मुख्य कर्जाहरूमा १४.६० प्रतिशतसम्म ब्याजदर लिइरहेका बैंकहरूले भदौमा १३.२३ प्रतिशतमा सीमित भएको छ।




साउनमा एनएमबी बैंक र कुमारी बैंक दुबैको ब्याजदर सबैभन्दा धेरै १५.३७ प्रतिशत रहेकोमा भदौमा पनि कुमारी बैंकको ब्याजदर नै सबैभन्दा धेरै छ। कुमारी बैंकको १५.३७ प्रतिशत नै छ। बैंकहरूले आधारदरमा शून्यदेखि ५ प्रतिशतसम्म प्रिमियम थपेर कर्जा दिइरहेका छन्। कृषि विकास बैंक र राष्ट्रिय वाणिज्य बैंकले आधार दरमा लिने प्रिमियमको माथिल्ला दर भने बढाएका छन्। औसतमा ब्याजदर घटेपनि कर्जा लगानी भने बढ्न सकेको छैन्। बरु घटेको छ। राष्ट्र बैंकको तथ्यांक अनुसार असारमसान्तमा बैंक तथा वित्तीय संस्थाले गरेको कर्जा लगानी भने थप ६ अर्ब रूपैयाँले घटेको छ।

असार मसान्तसम्ममा ४८ खर्ब ७३ अर्ब रूपैयाँ कर्जा लगानी भएकोमा भदौ ६ गतेसम्ममा भने यस्तो लगानी ४८ खर्ब ६७ लाख रूपैयाँमा सीमित भएको छ। आन्तरिक मागमा शिथिलता आएसँगै बजारमा कर्जा जान सकेको छैन्। मोबाइल, अटो जस्ता क्षेत्रमा माग घटेको छ। निर्माण क्षेत्रमा विगत केही महिनादेखि नै नकारात्मक वृद्धि देखिएको छ। यसले पनि आन्तरिक माग घटिरहेको छ।

बैंकहरूले भदौको लागि निक्षेपको ब्याजदर समेत बढाएपछि कर्जाको ब्याजदर तत्कालै नघट्ने देखेर पनि व्यवसायीहरू लगानीको लागि आकर्षित भएका छैनन्। अहिले नै ब्याजदर उच्च रहेको समयमा बैंकहरूले भदौको लागि बढाएको यो निक्षेप ब्याजदरको असर असोजमा देखिने छ। भदौको लागि ११ वाणिज्य बैंकले मुद्दती निक्षेप र तीनले साधारण बचतको ब्याजदर बढाएका थिए। यी बैंकले साउनको लागि मुद्दतीमा ८.९९ प्रतिशतदेखि १०.१ प्रतिशतसम्म ब्याजदर तोकेकोमा भदौको लागि भने ९.५१ देखि १०.८९६ प्रतिशतसम्म तोकेका हुन्।

केही समयअघिसम्म बैंकर संघको नेतृत्वमा सहमतिमा ब्याजदर तोक्ने गरेका बैंकहरूले साउनबाट भने यसमा प्रतिस्पर्धा गरेका थिए। तर, ब्याजदर घटाउनु पर्ने समयमा पनि केही बैंकले ब्याजदर बढाएपछि कम ब्याजदर भएका बैंकबाट निक्षेप ती बैंकमा सरेको थियो। निक्षेप खोसाखोसको अवस्था आएपछि केही बैंकहरूले भदौमा समेत ब्याजदर बढाए। सरकारी बैंकहरूले समेत आफ्नोमा रहेको अर्बौ निक्षेप गुमाउनु परेपछि ब्याज दर बढाएका थिए।

यही कारण भदौमा धेरै बैंकहरूमा बढेको निक्षेप लागतको भार असोजमा तोकिने कर्जाको ब्याजदर तय गर्ने आधार दरमा पर्नेछ। साउनमा भने बैंकहरूले निक्षेपको ब्याजदर केही घटाएकोले भदौमा आधार दर केही घटेको थियो। बैंकहरूसँग अहिले लगभग ३ खर्ब ५८ अर्ब रूपैयाँ बराबरको कर्जा लागनी योग्य रकम भए पनि कर्जा लगानी बढ्न नसकेको हो। बैंकहरूको कर्जा लगानी क्षमता देखाउने कर्जा निक्षेप अनुपात मात्रै ८३.६१ प्रतिशत छ। बैंकहरूले ९० प्रतिशतसम्म कर्जा लगानी गर्न पाउँछन्।

# पर्यटक नहुँदा हात्ती सफारी सङ्कटमा

भरतपुर । नेपालको प्रमुख पर्यटकीय गन्तव्यमध्येको एक हो सौराहा । यहाँ चितवन राष्ट्रिय निकुञ्जभित्रवन्यजन्तुकोअवलोकनका लागि पर्यटक आउने गर्छन् । दुर्लभ एकसिङ्गे गैंडालगायतका वन्यजन्तु हेर्न यहाँ आउने पर्यटक लालयित हुन्छन् । निकुञ्जभित्रका वन्यजन्तु हेर्नका लागि विसं २०४१ बाट हात्ती सफारी गर्ने गरिएको हो । यहाँ हात्ती चढ्नकै लागि पर्यटक आउने गर्दथे । तर पछिल्लो समय यहाँको पहिचानका



रूपमा रहेको हात्ती सफारी सङ्कटमा पर्दै गएको छ ।

पछिल्लो समय हात्ती सफारी गर्ने पर्यटकको सङ्ख्या क्रमशः घट्दै गएको रेवान सौराहाका पूर्वअध्यक्ष गोकर्ण गिरीले जानकारी दिनुभयो । कोरोना महामारीपछि सौराहा आउने २५ प्रतिशत पर्यटकमात्र हात्ती सफारी गर्ने गरेको उहाँले जानकारी दिनुभयो । हात्तीको गतिविधि चहलपहल नहुँदा सौराहाको पर्यटनमा समेत असर गरेको उहाँले बताउनुभयो । "सौराहा आउने अधिकांश हात्तीको गतिविधि अवलोकन गर्न आउँथे। कोही बच्चासँग खेल्थे, कोही सफारीमा जान्थे", उहाँले भन्नुभयो, "तर हात्ती घट्दै गएपछि पर्यटनमा ठूलो घाटा छ ।" यहाँका व्यवसायीले हात्ती थपेका छैनन् । स्वदेशी पर्यटक पनि घट्दै छन् । अहिले हात्ती सफारी गर्ने पर्यटक घटेसँगै हात्तीको सङ्ख्या पनि घटाएको उहाँले बताउनुभयो । उहाँले दुईवटा हात्ती घटाएर एउटा मात्र पाल्नुभएको छ ।

पहिला सरकारी हात्तीमा चढेर निकुञ्जमा वन्यजन्तु अवलोकन गर्न पाइन्थ्यो । तर अहिले सरकारी हात्तीले पर्यटक बोक्न छाडेका छन् । चितवनको सफारी पर्यटनलाई जोगाउन सौराहाका व्यवसायीले करिब २० वर्षअघिदेखि हात्ती पाल्न सुरु गरेका हुन् । कोरोना महामारी सुरु हुनुभन्दाअघि हात्तीलाई भ्याइनभ्याइ हुन्थ्यो । कोरोना सुरु भएपछि हात्ती करिब चार वर्ष बेकामे बने । पाल्न नसक्ने भएपछि हात्ती बिक्री गर्नुपरेको व्यवसायी नगेन्द्र चापागाईं बताउनुहुन्छ । उहाँले पाल्न नसकेपछि दुईवटा हात्ती बेचेको बताउनुभयो । उहाँका अनुसार एउटा हात्ती पाल्न मासिक रु डेढ लाखदेखि दुई लाखसम्म खर्च हुन्छ । एउटा हात्तीका लागि दुई जना कामदार राख्नुपर्दछ । तर आम्दानी भने रु एक लाख पनि नहुने बताउनुभयो ।

तीन वर्षअघिसम्म सौराहामा हात्ती पनि थुप्रै देखिन्थे । तर पछिल्लो समयमा सौराहामा विगतजस्तो हात्तीको चाप छैन । विसं २०७७ सम्म निजी हात्ती सयभन्दा बढी रहेकामा अहिले ५० वटामा सीमित छन् । युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले प्रत्येक वर्ष सौराहामा हात्तीको सङ्ख्या कम भइरहेको बताउनुभयो । उहाँका अनुसार चितवनमा सरकारी र निजी हात्ती गरी एक सय १० वटा हात्ती छन् । त्यसमध्ये जिल्लामा सरकारी हात्ती ६० वटा छन् । युनाइटेड हात्ती सञ्चालन सहकारीमा ३०, सपना भिलेजमा आठ, ओम रिजालका आठ र विदेशी नागरिकका चारवटा हात्ती रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो "राज्यको अर्थतन्त्रसँग जोडिएको पर्यटन उद्योगको बलियो खम्बाका रूपमा रहेका हात्ती संरक्षणका लागि राज्यले समेत ध्यान दिनुपर्छ ।"

चितवन निकुञ्जका वरिष्ठ पशु चिकित्सक डा विजयकुमार श्रेष्ठले नेपालमा आहार, खानपान र स्वास्थ्योपचारका हिसाबले हात्ती पाल्न मुस्किल रहेको जनाउँदै निजीस्तरमा हात्ती पालेर पर्यटनको विकास गर्न सक्नु सामान्य कुरा नभएको बताउनुभयो ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनले हात्ती संरक्षणमा चुनौती रहेको बताउनुभयो । मानव र हात्तीबीचको द्वन्द्व न्यूनीकरण आवश्यक रहेको जनाउँदै उहाँले सरकारले निजीस्तरमा पालेका हात्तीको दर्ता प्रक्रिया सुरु गरेको जानकारी दिनुभयो । सरकारले निजीस्तरमा पालेको हात्तीको विवरण सङ्कलन गरिरहेको भन्दै नेपालमा एक सय ५० वटा हात्ती निजीस्तरमा पालेका हात्ती रहेको उहाँले जानकारी दिनुभयो । उहाँले निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोष र पर्यटन व्यवसायीको त्रिपक्षीय सहकार्यबाट मात्र हात्तीको संरक्षण सम्भव रहेको बताउनुभयो । रासस

# पर्यटन बोर्ड र एसटिएलआरपीले पाए पाटा गोल्ड अवार्ड-२०२३

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल पर्यटन बोर्ड तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) सँगको सहकार्यमा सञ्चालित जीविकोपार्जन पुनःउत्थानका लागि दिगो पर्यटन परियोजना (एसटिएलआरपी)ले प्यासिफिक एशिया ट्रावल एसोसिएसन (पाटा) गोल्ड अवार्ड-२०२३ पाएको छ।

पर्यटनका माध्यमबाट महिला सशक्तीकरणमा गरेको पहलकदमी दीगोपन तथा सामाजिक उत्तरदायित्वको लागि प्यासिफिक एसिया ट्रावल एसोसिएसन (पाटा)ले नेपाल पर्यटन बोर्ड र एसटिएलआरपीलाई पाटा गोल्ड अवार्ड २०२३ प्रदान गरेको हो।




पाटा हेडक्वाटरले विज्ञप्ति जारी गर्दै यो अवार्ड प्रदान गरेको जानकारी दिएको छ। परियोजनाले यसअघि २०२२ मा पनि टुरिजम डेस्टिनेशन रेसिलेन्सि विधा अन्तर्गत पाटा गोल्ड अर्वाड प्राप्त गरेको थियो।

यस्तै, २०२३ मा पनि पाटाबाट स्पेशल पाटा अवार्ड समेत प्राप्त गरेको थियो। सन् १९९५ बाट सुरू भएको यो अवार्ड यसपाली विभिन्न २३ वटा संघ संस्थाहरूलाई विभिन्न विधामा प्रदान गरिएको छ।

यो पुरस्कार अक्टोबर ५ मा नयाँदिल्लीमा आयोजना हुने पाटा टार्वल मार्ट २०२३ को अवसरमा प्रदान गरिने नेपाल पर्यटन बोर्डका निर्देशक तथा परियोजनाका राष्ट्रिय कार्यक्रम संयोजक मणिराज लामिछानेले जानकारी दिए।

पाटा अवार्ड प्राप्त गर्नुले परियोजनाले गरिरहेको कामको मूल्यांकन भएको र बोर्डलाई थप कार्य गर्ने प्रोत्साहन मिलेको नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तथा परियोजनाका राष्ट्रिय निर्देशक डा. धनञ्जय रेग्मीले बताए।

'हामीले कोभिडको असरसँगै पर्यटकहरूको उद्धारदेखि जनशक्ति विकास तथा केही पूर्वाधार विकासमा कार्यहरू निरन्तर गर्दै आइरहेका छौं। यसले थोरै भएपनि जनशक्ति उत्पादन तथा रोजगारी सिर्जनामा सहयोग गरेको छ। हामीले गरेका कामहरूले मुल्यांकन गर्दै निरन्तर विभिन्न अन्तर्राष्ट्रिय अबार्डहरू प्राप्त गरेका छौं। यसले थप कार्य गर्न प्रोत्साहन मिलेको छ' डा. रेग्मीले भने।

यस्तै, पर्यटकको खोज तथा उद्धारमा गरेको योगदानको कदर स्वरूप पनि बोर्डले विभिन्न राजदूतावास तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट सम्मान प्राप्त गरेको थियो।

बोर्डले युएनडिपीसँगको सहकार्यमा सुरू गरेको परियोजनाले लगातार दुई वर्ष यस प्रकारको अवार्ड प्राप्त गर्दा युएनडिपी खुशी रहेको प्रतिक्रिया दिँदै युएनडिपीका पोर्टफोलियो म्यानेजर कल्पना सरकारले यस प्रकारका तालिमले पर्यटनमा भएको महिला सहभागिताको ग्याप कम गर्नुका साथै अप्लसंख्यकहरूलाई समेत कामको अवसर प्रदान गरेको बताइन्।

बोर्ड तथा एसटिएलआरपीले कोभिड-१९ पछि महिला तथा अन्य पर्यटन मजदुरको क्षमता अभिवृद्धि सहित पर्यटकीय गन्तव्य निर्माणमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

यसअन्तर्गत महिलाहरूका लागि रिभर गाइड, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका लागि ट्रेकिङ गाइड लगायतका विभिन्न तालिम तथा पर्यटनसँग सम्बन्धित विभिन्न विधाका गाइड म्यानुयलहरू तयार गर्दै आइरहेको छ।

परियोजनाले अहिलेसम्म करिब एक हजार महीलाहरूलाई विभिन्न प्रकारका तालिम प्रदान गरेको परियोजनाले जनाएको छ।

# माछापुच्छ्रे बैंकले ल्यायो 'प्रायोरिटी एयरपोर्ट लाउन्ज' पास सुविधा

**टुडे समाचारदाता**

काठमाण्डु । माछापुच्छ्रे बैंकले प्रायोरिटी एयरपोर्ट लाउन्ज पास सुविधा ल्याएको छ।

जस अन्तर्गत प्रायोरिटी एयरपोर्ट लाउन्ज पास धारकले विश्वको कुनै पनि एयरपोर्टबाट यात्रा गर्दा बिना झन्झट उक्त पासको प्रयोग गरी सरल र सहज तरिकाबाट प्रायोरिटी लाउन्ज प्रिमियम सुविधाको लाभ उठाउन सक्नेछन्।

यो सुविधा विश्वको सबैभन्दा ठूलो स्वतन्त्र एयरपोर्ट प्रिमियम लाउन्ज सुविधा हो।

यस अन्तर्गत कोलिन्सन ग्रुप, युकेले व्यवस्थापन गरेको संसारभरका १४० भन्दा बढी देशका ६६० सहरहरूमा अवस्थित १४०० भन्दा धेरै एयरपोर्टमा रहेका एयरपोर्ट लाउन्जहरूमा प्रिमियम लाउन्जको सुविधा लिन सकिने बैंकको भनाइ छ।

प्रायोरिटी पासले उडान गर्नु अघि एयरपोर्ट लाउन्जअनुसार सोफामा आराम गर्न र निःशुल्क खाना तथा खाजाको आनन्द लिन वा निःशुल्क वाइफाइ प्रयोग गर्नलगायत सुविधाहरूको अनुभव प्रदान गर्दछ।

# सडक निर्माणका क्रममा १८ हजार रुख काटिने

**टुडे समाचारदाता**

बारा । पथलैया- ढल्केवर-कमला सडक खण्ड स्तरोन्नतिको क्रममा १८ हजार ६ सय रुख कटान हुने भएको छ।

मधेश प्रदेशका ६ जिल्लालाई छोएको बाराको पथलैयादेखि सिराहा जिल्लाको कमला नदीसम्मको १३० किलोमिटर क्षेत्रमा राष्ट्रिय वन र पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रका १८ हजार ६ सय रुख कटान हुने जनाइएको छ।

जीतपुर सिमरा उपमहानगरपालिकासहित १५ वटा स्थानीय तहलाई छोएको यो सडक खण्डको दुवैतर्फ अधिकांश वन क्षेत्र रहेको छ । बाराको पथलैयादेखि तामागढीसम्मको करिब १३ किलोमिटर निकुञ्ज क्षेत्र पर्दछ भने बाँकी सडकको दुवैतर्फ राष्ट्रिय वन क्षेत्र पर्दछ।

हाल पुग नपुग २ लेनको सडकलाई सेन्टरदेखि २५-२५ मिटर दायाँबायाँ विस्तार गरेर ५० मिटरको बनाउने योजना रहेको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले विश्व बैङ्कको ३ अर्बभन्दा बढी ऋण सहायतामा स्तरोन्नति गरेर ४ लेनको बनाउने तयारी गरिएको छ। जसका लागि हालसम्म डिपिआरको काम अन्तिम चरणमा पुगेको परामर्शदाता कम्पनीले जनाएको छ । परामर्शदाताको तर्फबाट सामाजिक र वातावरणको क्षेत्रमा अध्ययन गरेका रवि भट्टराईले कमलादेखि पथलैयासम्मको २ लेनको सडकलाई न्युनतम् ४ लेनदेखि बजार क्षेत्रका ८ लेनसम्मको बनाउने योजना रहेको बताए । '१३० किलोमिटर सडक खण्डमा अहिले ७६ वटा नयाँ पुलहरू छन् त्यसमा १५ वटा पुल घटेर कल्भर्टमा परिणत हुन्छन्, पुल बाहेक मुख्य ५ ठाउँमा राजमार्ग मुनिबाट आउजाउ गर्न सक्ने सहज संरचनाहरू निमार्ण हुनेछ' परामर्शदाता कम्पनीका प्रमुख भट्टराईले भने 'अहिले डिपिआर फाइनलको चरणमा छ'।

> आयोजनाले सडक विस्तारको क्रममा कटान भएका १८ हजार ६५४ रुख मध्ये प्रतिरुख बराबर १० रुख रोप्ने आयोजनाले जनाएको छ । तर वन कार्यालयले पछि वृक्षरोपण भएका रुखहरु प्राकृतिक रुपमा हुर्किएका बिरुवाहरु सरह नहुने भन्दै कम भन्दा कम रुख कटान गर्नुपर्ने बताएको छ ।

कमला-ढल्केवर-पथलैया सडक खण्डको १३० किलोमिटर स्तरोन्नतिको विषयमा व्यापारिक मार्ग कार्यालयले आयोजना गरेको छलफलमा निकुञ्ज र राष्ट्रिय वन क्षेत्रभित्र बन्ने भौतिक संरचनाहरू वातावरण र वन्यजन्तुमैत्री हुने जनाएको छ। साथै सडक निर्माणको क्रममा वन कार्यालयले १३० किलोमिटर सडक खण्डमा १८ हजार ६५४ रुख कटान हुने भन्दै कटान गर्नैपर्ने बाहेकका रुख नकाट्न अनुरोध गरेको छ। डिभिजन वन कार्यालय बाराका सहायक वन अधिकृत ललन राउतले सडक बाहेकको संरचनाहरू शौचालय, पार्किङ र चमेना गृहका लागि वनले जग्गा नदिने जनाएका छन्।

'पार्किङ, चमेना गृह र शौचालयका लागि कुनै पनि हालतमा वनको जग्गा प्रयोग गर्न पाइँदैन भनेर हामीले भनेका छौ, साथै वन्यजन्तु र रुखमैत्री बाटो कसरी बनाउन हामीले सुझाव दिएका छौ' सहायक वन अधिकृत राउतले भने 'वन क्षेत्र र खेतीयोग्य ठाउँमा ३० मिटर भन्दा कम, बस्ती र बजार क्षेत्रमा ५० मिटरको सडक बन्छ भनिएको छ' आयोजनाले सडक विस्तारको क्रममा कटान भएका १८ हजार ६५४ रुख मध्ये प्रतिरुख बराबर १० रूख रोप्ने आयोजनाले जनाएको छ। तर वन कार्यालयले पछि वृक्षरोपण भएका रुखहरू प्राकृतिक रूपमा हुर्किएका बिरुवाहरू सरह नहुने भन्दै कम भन्दा कम रुख कटान गर्नुपर्ने बताएको छ।

महेन्द्र राजमार्गको नामले चिनिने यो पूर्व पश्चिम राजमार्ग २०१९ साल वैशाख १ गते नवलपरासीको गैंडाकोटमा तत्कालीन राजा महेन्द्र वीर विक्रम साहले शिलान्यास गरेका थिए। यो राजमार्गले मधेश प्रदेशको पर्सा जिल्ला बाहेक सबै जिल्लालाई छोएको छ।

जीतपुरसिमरा उपमहानगरपालिकाका नगरप्रमुख राजन पौडेलले पथलैया-गण्डक ६ लेन सडक खण्ड निर्माणको क्रममा सार्वजनिक शौचालय, पार्किङ, फुटपाथ अतिक्रमण, र सडक नै कमजोर भएकोले ठाउँ ठाउँमा भासिन थालेको र सडक निर्माणमा धेरै कमजोरी भएकाले ती कमजोरी कमला-ढल्केवर-पथलैया सडक निमार्णको क्रममा नदोह्रयाउन आग्रह गरेका छन्।

# कत्तकत्तहो मलहमपट्टी .....???

ब्लग :



श्यामसुन्दर शशि

मैथिलीका चर्चित गीतकार सियाराम झा सरसको एउटा गीतको मुखरा छ- ' कत्तकत्तहो मलहमपट्टी, सगरो लहुलहुआन जीन्दगी । ' नेपालको वर्तमान तस्विर हेर्दा सरस भाईको यो गीत समय सापेक्ष लाग्छ। संघीय संसद झण्डै एक महिनाको गतिरोध पछि बल्ल खुलेको छ । जनप्रतिनिधिहरु आफ्ना कुरा राख्न पाएका छन् । तर सरकार संचालनको मार्ग निर्देश नगर्ने,कानुन बनाउने अनि विकास निर्माणको खाका कोर्ने संसद एक महिना किन चल्न सकेन ? मूल कारण र कारक को हुन? नक्कली भुटानी प्रकरणको छानबिन निष्कर्षतर्फ पुग्दा एक थरि, ललिता निवास जग्गाको अनुसन्धान अघि बढ्दा अर्कोथरि, सुन तस्करीको अनुसन्धान अघि बढ्दा तेश्रोथरि तथा गिरीबन्धु टि स्टेटको फाईल खुल्न लाग्दा चौथोथरि नेताको सातो किन उड्छ ?आम नेपालीलाई थाहा छ । आमजनले दल विशेषको चश्मा नलगाएको भए, विद्रोहको घन्टी बजि सकेको हुन्थ्यो ।

सत्तापक्ष र प्रतिपक्षबीच दुई बुंदे सम्झौता पछि संघीय संसदको दुबै सदन सुचारु भएको छ। त्यो सम्झौता पनि उधारोमा भएको छ । सुन तस्करी बारे छानबिन गर्न असोज ५ गते उच्च स्तरीय छानबिन समिति बन्ने छ अनि सुन तस्करीको छानबिन हुनेछ । आमनागरिक प्रतिपक्षी नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपासंग सोध्न चाहन्छन् - संसद सुचारु गर्न एक महिनाको भाका राखेर उधारो सम्झौता नै गर्नु थियो भने एक महिनासम्म संसद किन अबरोध गर्नु भयो ? अनि माओवादी केन्द्र, नेपाली कांग्रेस, एकीकृत समाजवादी र जसपा लगायतका सत्ताधारी पार्टीसंग सोध्न चाहन्छ - उच्च स्तरीय छानबिन समिति बनाउनु नै थियो भने एक महिना अगाडि नै किन बनाउनु भएन? तपाईहरुको गोरु जुधाईको कारण संसदको बहुमूल्य समय खेर जाने थिएन।

भारतले चन्द्रमामा चन्द्रयान -३ को सफल अवतरण गराउन सफल भएयता दुनियामा यसको चर्चा छ , यता हाम्रो तिर भने बागेश्वरधामका पिठाधीश स्वामीको चर्चा छ। मेरा एकजना सहकर्मी मित्रको प्रस्ताव थियो- बालेश्वरधामका पीठाधीशलाई जनकपुर ल्याउनु पर्दछ । अनि उनीसंग जनकपुरमा कुनै ठुलो परियोजनाको लागी सहयोगको याचना गर्नु पर्दछ । कुनै साधु, कथावाचक किंवा योगी ज्ञानीलाई जनकपुर आमन्त्रित गर्नु, उनको प्रवचन सुन्नु राम्रो हो। सीता जन्मभूमिका वासिन्दा सनातनी छन् । आफ्नो धार्मिक आस्थाप्रति प्रतिवद्ध छन् अनि साधु सन्तलाई सेवा पनि गर्न जानेका छन् । तर मेरो विमति कहाँ निर छ भन्ने कुनै साधुसंग सीताका भाई भतिजाले याचना किन गर्नु पर्‍यो ? सुनको कचौडामा भिख किन माग्नु पर्‍यो ?

दक्षिण भारतको बहुचर्चित तिरुपति ट्रष्टले आलिशान धर्मशाला बनायो। पगला बाबाले धर्मशाला बनाउनु भयो । एक जना कलकत्तावासीले गोपाल धर्मशाला बनाउनु भयो । ती सम्पदाहरुको अवस्था के छ ? जानकी मन्दिरमा फूल आपूर्ति गर्न २ बिगहाको फूलबारी थियो, त्यो आज कहाँ र कुन अवस्थामा छ ? राराब क्याम्पसका प्राध्यापकहरुको निवासको लागी रामानन्द चोक भन्दा दक्षिण र सडक भन्दा पश्चिम दुई बिगहा भन्दाअधिक जग्गा नियोजित गरिएको थियो । अधुरो भवन निर्माण पनि भइसकेको थियो । त्यो जग्गा अचेल कहाँ छ ? सीता जन्मस्थली जनकपुरधाममा वेद, दर्शन, मीमांशा पढने पढाउने संस्था छैन। निजी सम्पति बिनाको पटनाको हनुमान मन्दिर तीन दशक भित्र आधा दर्जन अस्पताल, स्कुल, वेदालय संचालन गर्न सक्छ भने जानकी मन्दिर, रत्नसागर जस्ता मठ मन्दिरहरुले किन गर्न सक्दैन ?

> “ सीता जन्मस्थली जनकपुरधाममा वेद, दर्शन, मीमांशा पढने पढाउने संस्था छैन । निजी सम्पति बिनाको पटनाको हनुमान मन्दिर तीन दशक भित्र आधा दर्जन अस्पताल, स्कुल, वेदालय संचालन गर्न सक्छ भने जानकी मन्दिर, रत्नसागर जस्ता मठ मन्दिरहरुले किन गर्न सक्दैन ?

# एमाले सचिवालय बैठक स्थगित

**टुडे समाचारदाता**



लहान । लगातारको वर्षाको कारण नेकपा एमालेले सिराहाको विष्णुपुर सर्रेअम्बासमा आयोजना गरिएको सचिवालय बैठक स्थगित गरेको छ। एमाले सचिव योगेश भट्टराईकाअनुसार सबै तयारी पूरा भए पनि लगातारको वर्षाको कारण बैठक स्थगित गरिएको छ।

'लगातारुपमा वर्षा भइरहेको छ, बीचमा एउटा खोला छ, त्यो तरेर जान पनि समस्या छ, त्यसकारणले बैठक स्थगित भएको छ,' भट्टराईले भने, 'केही दिनसम्म निरन्तर पानी पर्ने प्रक्षेपण छ । सार्वजनिक कार्यक्रम गर्ने तयारी पनि थियो तर मौसमको कारणले बैठक र कार्यक्रम नहुने भएको छ।'

एमाले सचिव भट्टराईकाअनुसार पार्टीको चौथो महाधिवेशन आयोजना गरिएको घरमा ३४ वर्षपछि सचिवालय बैठक आयोजना गर्न लागिएको थियो। एमाले अध्यक्ष केपी शर्मा ओली बैठकमा सहभागी हुन विराटनगर पुगिसकेका थिए।

जल तथा मौसम विज्ञान विभागले पछिल्लो २४ घण्टामा सिराहाको लहानमा १ सय ९४ मिलिलिटर, धनुषाको चिसापानीमा ७४ मिलिलिटर वर्षा मापन गरेको छ।

२०४६ सालमा सो स्थानमा तत्कालीन नेकपा (माले)को भूमिगतरुपमा भदौ ९ देखि १४ गतेसम्म चौथो महाधिवेशन भएको थियो। सोही बैठकले मदन भण्डारीलाई मालेको महासचिव चुनेको थियो । सोही महाधिवेशनमा मालेले मार्गनिर्देशक सिद्धान्तबाट माओ विचारधारालाई हटाएको थियो। मार्क्सवाद र लेनिनवादलाई मार्गनिर्देशक सिद्धान्त मान्दै विचारधारालाई चिनियाँ क्रान्तिको एउटा विशिष्ठतामात्रै मान्यो।

त्यसैगरी कांग्रेससँग मिलेर प्रजातन्त्र पुनःस्थापनाका लागि संयुक्त आन्दोलन गर्ने निर्णय गरेको थियो। कम्युनिष्ट पार्टीको शासन व्यवस्था एक दलीयमात्रै हुने थियो तर महाधिवेशन बहुदलीय हुने नीति लिएको थियो।

'बहुदलीय प्रतिस्पर्धामा आधारित व्यवस्था भन्ने अवधारणालाई अघि सार्‍यो,' भट्टराईले भने, 'त्यसलाई विकसित गर्दै जाँदा मदन भण्डारीले पाँचौं महाधिवेशनमा जनताको बहुदलीय जनवाद ल्याउनु भएको हो।'

# धरान उपमहानगरमा निषेधाज्ञा

**टुडे समाचारदाता**

धरान । धरानमा जातीय र धार्मिक तनाव बढिरहेका बेला सम्भावित हिंसा रोक्न स्थानीय प्रशासनले २४ घण्टे निषेधाज्ञा जारी गरेको छ।

सुनसरीकी प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले शुक्रबार मध्य राति १२ बजेदेखि लागु हुने गरी २४ घण्टे निषेधाज्ञा जारी गरेकी छन।

निषेधाज्ञा शनिबार राति १२ बजेसम्मका लागि जारी गरिएको छ। प्रशासनले धरान उपमहानगरपालिका निषेधाज्ञा जारी गरिएको छ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम मिति बिहीबार राति १२ बजेदेखि शुक्रबार राति १२ बजेसम्म अत्यावश्यक काममा सुरक्षा निकायसँग समन्वय गरी बाहेक सामूहिक रुपमा गरिने सामाजिक, धार्मिक, राजनैतिक सभा, र्‍याली/भेला गर्न रोक लगाइएको छ।

प्रशासनले प्रदर्शनलगायत कुनै पनि कार्यक्रम नगर्न/नगराउन धरान उपमहानगरपालिका क्षेत्रभित्रका सबै सरोकारवालालाई आग्रह गरेको




प्रवेश गर्ने पश्चिम बाटो बराहक्षेत्र नगरपालिका-१ मा पर्ने झण्डा चोकदेखि धरानतर्फको क्षेत्र, धरान प्रवेश गर्ने पश्चिम-दक्षिण रामधुनी नगरपालिका-६ बाट बराहक्षेत्र नगरपालिका-३ नडाहा चोकबाट धरानतर्फको क्षेत्रमा निषेधाज्ञा जारी गरेको छ।

त्यसैगरी इटहरी उपमहानगरपालिका वडा नं. २० तरहरा पानीपियादेखि उत्तर धरानतर्फको क्षेत्रमा पनि प्रशासनले निषेधाज्ञा जारी गरेको छ । त्यस्तै धरान उपमहानगरपालिका-५ प्रवेश गर्ने पूर्वी केराबारीबाट धरानतर्फको क्षेत्र र धनकुटा जिल्ला साँगुरीगढी-६ भेडेटारबाट धरानतर्फको क्षेत्रमा छ। आदेशविपरीत भए गरेको पाइए वा अटेर गरेको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८ अनुसार कारवाही गरिने उल्लेख छ।

सम्भावित हिंसा रोक्न निषेधाज्ञा जारी गरिएको भए पनि प्रशासनको सूचनामा भने डेंगु संक्रमण फैलिन नदिन निषेधाज्ञा जारी गरिएको उल्लेख छ। धरानका २० वटा वडामा गरी अहिलेसम्म १५ हजारमा डेंगु संक्रमण भएको छ। उपमहानगरमाधार्मिक/साम्प्रदायिकका साथै जनस्वास्थ्य संकट तथा शान्ति सुरक्षाको संवेदनशीलतालाई समेत मध्यनजर गरी निषेधाज्ञा जारी गरिएको प्रशासनले जनाएको छ।

# चन्द्रमोहनलाई कारबाही गर्न माग

**टुडे समाचारदाता**



जनकपुरधाम। नेपाली कांग्रेसका नेता कार्यकर्ताहरुले पूर्व राष्ट्रपति डा. रामवरण यादवका पुत्र चन्द्रमोहन यादवलाई कारवाही गर्न माग गरेका छन्। धनुषा निर्वाचन क्षेत्र नम्वर ४ मा आयोजित एक कार्यक्रममा पार्टीका वरिष्ठ नेता शेखर कोइराला समक्ष उनीहरुले सो माग गरेका छन्।

धनुषा निर्वाचन क्षेत्र नम्वर ४ का सभापति योगनारायण यादवले पार्टीमा अन्तर्घात गर्ने गिरोहहरु सक्रिय रहेका कारण पार्टी स्थानीय देखि संघको निर्वाचनमा पराजित भएको बताए। उनले भने-'अन्तर्घातलाई कारबाही नगरेकै कारण त्यस्ता त्यस्ताहरुको मनोवल बढेको छ, आफूहरुले पटक पटक कारबाहीका लागि सिफारिस गर 'पनि कारबाही हुन नसकेपछि नेता कार्यकर्तामा असन्तुष्टि बढेको छ।'

उनले पार्टी निर्वाचन क्षेत्र नम्वर ४ मा पटक पटक अन्तर्घातको शिकार भएको भन्दै गत निर्वाचनमा र यस पटकको निर्वाचनमा पनि अन्तर्घातकै कारण सह-महामन्त्री महेन्द्र यादवलाई जिताउन असफल भएको बताए।

उनले प्रदेश र प्रतिनिधिसभाबाट हामीहरुले चन्द्रमोहनलाई कारबाहीका लागि सिफारिस पठाएका छौं तर, अहिलेसम्म कारबाही नभएको बताउँदै उनले अन्तर्घातीहरुलाई संगै घुमाएकोप्रति हामीहरु दुःखी भएको नेता कोइरालालाई सुनाए । उनले भने-'तपाई ती अन्तर्घातीलाई संगै घुमाइ रहनु भएको छ त्यसले हाम्रो आत्मसम्मानमा ठेस लागेको छ ।' उनले पार्टीमा कडाइका साथ अनुशासन लागु हुनुपर्ने माग गर्दै कारबाहीका लागि सिफारिस भएकाहरुमाथि छानबिन गरी कारबाही हुनुपर्ने बताए।

# अस्थिरताका कारण देशको आर्थिक र राजनीतिक अवस्था भयावह : कोइराला

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले अस्थिातका कारण देशको राजनीतिक अवस्था भयावह भएको बताएका छन।

शुक्रवार नेपाल वित्तीय संस्था कर्मचारी संघ, ग्रामीण लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय समितिको तेश्रो अधिवेशनको उद्घाटन गर्दै उनले देशमा विगतका गलत सत्ता शासन र सत्ताको दुरुपयोगका कारणले अहिलेको अवस्था सृजना भएको बताए।

देशको अवस्था विषयमा हाल मिडिया र सामाजिक सञ्जालमा आइरहेको सुचना भन्दा पनि फरक रहेको चर्चा गर्दै छ, उनले भने, 'देशका सत्ता शासनमा बसेकाहरुले जबसम्म भ्रष्टाचार न्यूनीकरणकालागि ठोस पहलकदमी लिदैन यस्तै रहन्छ ।' दण्डहीनता गर्नेलाई कानुनको कठघरासम्म पुर्‍याएर पारदर्शिता स्वीकार गरी सुशासन कायम नगरेसम्म जनताले नपत्याउने र देश विकास गर्न नसक्ने उनको जिकिर थियो।

उनले अमेरिकाले केही समय अगाडि तयार पोरेको प्रतिवेदन अनुसार नेपालको डिएफआईको धेरै सम्भावना रहेपनि भ्रष्टाचार, दण्डहीनताको अन्त्य, अपारदर्शिता र नेता तथा कर्मचारीहरुमा इमान्दारिता नआएसम्म ती सम्भावनाहरु साकार हुने सक्नेमा शंका रहेको बताए।

उनले मुलुकमा सुशासन तथा दण्डहीनता बढेको खण्डमा न्याय क्षेत्रको भूमिका बढ्नु स्वभाविक भएको प्रसंग उल्लेख गर्दै कार्यपालिका तथा व्यवस्थापिकाले गलत गर्‍यो भने न्यायपालिकाले त्यसलाई सन्तुलनमा राख्नका लागि हस्तक्षेप गर्नु संविधानतः स्वभाविक भएको बताए।

उनले कार्यपालिका र व्यवस्थापिकाले इमानदारीपूर्वक काम गरे मुलुकमा शान्ति, समृद्धिको जनचाहना पूरा गर्न धेरै समय नलाग्ने पनि धारणा राखे।

नेपाली काँग्रेसका केन्द्रीय सदस्य नयनसिंह महरले मुलुकमा शान्ति र समृद्धिको यात्रा नेपाली काँग्रेसले नै गरेको बताउँदै अहिलेको अवस्थामा सुधार पनि काँग्रेसले नै गर्ने दाबी गरे।



# अध्यक्ष यादव अख्तियारको नियन्त्रणमा

**टुडे समाचारदाता**

सप्तरी । सप्तरीको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवलाई भ्रष्टाचारको एक प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएको छ।

आयोगले घुस प्रकरणमा अध्यक्ष यादवलाई अनुसन्धानका लागि तानेपछि उनको गृह जिल्लामा निकै चासो र चर्चाको विषय बनेको छ । अध्यक्ष यादवलाई घुस सम्बन्धी विषयमा आयोगले सोधपुछ र अनुसन्धानका लागि बुधबारनै नियन्त्रणमा लिइएको आयोगका प्रवक्ता भोला दाहालले जनाएका छन्।

आयोगले नियन्त्रणमा लिएपछि अचानक बिरामी परेका कारण उनलाई आयोगको सुरक्षा निगरानीमा काठमाडुस्थित एक अस्पतालमा उपचारका लागि भर्ना गरिएको तथा निको भएपछि थप बयान र अनुसन्धानको काम अघि बढ्ने प्रवक्ता दाहालले जानकारी दिए।



गत साउन ३१ गते पालिकाद्वारा जडान गराइएको सोलार बत्ती सम्बन्धी कार्यमा ठेकेदारलाई अन्तिम भुक्तानी दिने क्रममा २ लाख नगद र ३ लाख रुपैयाँको चेक लिँदै गर्दा विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र कम्प्युटर अपरेटर बिरेन्द्र यादवलाई आयोगको क्षेत्रीय कार्यालय इटहरीबाट खटेको टोलीले राजविराजको गजेन्द्र चोकस्थित एक यात्रुबाहक बसको टिकट बुकिङ काउन्टरबाट पक्राउ गरेको थियो । सोही प्रकरणमा अध्यक्ष यादवको नाउँ पनि मुछिएकाले अनुसन्धानका लागि झिकाइएको आयोग श्रोतको भनाइ छ।

अनुसन्धानका क्रममा उक्त घुस प्रकरणमा अध्यक्ष यादवको पनि संलग्नता पुष्टि भए कारवाहीमा पर्नेछन् । यद्यपि अनुसन्धान जारी नै रहेकाले यसबारे थप कुरा भन्न नमिल्ने आयोगका प्रवक्ता दाहालले जनाए।

यसअघि राजविराज नगरपालिकाका प्रमुख भिमराज यादव र शम्भुनाथ नगरपालिका प्रमुख जितेन्द्र प्रसाद गुप्ता भ्रष्टाचारको आरोपमा निलम्बित भइसकेका छन्। दुबै जना विरुद्ध अख्तियारले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ को कसुरमा कैद र जरिवानासहित विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनीहरु निलम्बित भएका छन।

राजविराज नगरपालिकाका प्रमुख यादवको हकमा भने केही दिन अघि मात्र विशेष अदालतले २ लाख ६४ हजार ४ सय ४ जरिवाना तोकिसकेको छ । शम्भुनाथ नगरपालिकाका मेयर गुप्ताको मुद्दा भने सुनुवाईकै क्रममा रहेको छ।


## डेंगीबाट बच्ने उपायहरु:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टंयाकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८